# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १४६ | काठमाडौं | बुधबार, ३१ भदौ २०८३ | Prabhab National Daily | Wednesday, 16 September 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५ ।-


## महाधिवेशनबारे देउवा गरम, गगन नरम

■ प्रभाव संवाददाता





“कुनै पनि अलमलमा नपरी असोज ३ गते वडाबाट प्रारम्भ भइ १६ देखि १९ सम्म काठमाडौंको खुल्ला मञ्चमा सम्पन्न हुने १५औं महाधिवेशनमा सबै तहका कार्यसमितिले पार्टीको बृहत्तर हितलाई ध्यानमा राखी सोहीअनुसार सौहार्द्रपूर्ण र हार्दिक वातावरणमा सबैलाई सहभागिता गराई महाधिवेशन सम्पन्न गर्न र उत्साहपूर्वक सहभागी हुन सम्पूर्ण तहगत कार्यसमिति, पदाधिकारी, सदस्य, समर्थक र शुभेच्छुकहरूमा हार्दिक अपिल गर्दछु ।

■ **गगन थापा**
सभापति, नेपाली कांग्रेस

“नेपाली कांग्रेसको विधान र नेपालको संविधानबमोजिम महाधिवेशन गर्ने पर्याप्त समय बाँकी हुँदा पनि सहमतिबेगर हतारमा कथित विशेष महाधिवेशन पक्षधरहरूले पार्टीलाई कमजोर गर्ने, विभाजन गर्ने गरी अवैधानिकरूपले अधिवेशन गरेमा म पार्टीलाई कमजोर गर्ने कार्य हुँदा मुकदर्शक भएर बस्न सक्ने छैन ।

■ **शेरबहादुर देउवा**
पूर्वसभापति

**काठमाडौं–** इतर पक्षको मागलाई बेवास्ता गर्दै महाधिवेशन गर्न गगन थापा नेतृत्वको कांग्रेस अघि बढेपछि पूर्वसभापति शेरबहादुर देउवा आक्रोशित बनेका छन् । देउवाले मंगलबार दिउँसो एक वक्तव्यमार्फत संस्थापन पक्षले असोजबाट महाधिवेशन थाले आफू मुकदर्शक भएर नबस्ने चेतावनी दिए ।

पर्याप्त समय हुँदाहुँदै सहमतिविनै सभापति थापा अघि बढ्न खोजेको देउवाको आरोप छ । ‘नेपाली कांग्रेसको विधान र नेपालको संविधानबमोजिम महाधिवेशन गर्ने पर्याप्त समय बाँकी हुँदा पनि सहमतिबेगर हतारमा कथित विशेष महाधिवेशन पक्षधरहरूले पार्टीलाई कमजोर गर्ने, विभाजन गर्नेगरी अवैधानिकरूपले अधिवेशन गरेमा म पार्टीलाई कमजोर गर्ने कार्य हुँदा मुकदर्शक भएर बस्न सक्ने छैन,’ देउवाले भनेका छन् ।

संस्थापनपक्षले असोज १६ गते खुल्लमञ्चमा १५औं महाधिवेशनको उद्घाटन गर्दै छ । यसका लागि असोज ३ बाट वडा अधिवेशन सुरु गर्दै छ । देउवा समूहले भने पूर्वसभापति देउवाको नेतृत्वमा एकताको महाधिवेशन हुनुपर्ने अडान राख्दै आएको छ ।

देउवाले विज्ञप्तिमार्फत आफ्नै नेतृत्वमा महाधिवेशन गरेर नेतृत्व हस्तान्तरण गर्ने बताएका छन् । देशभरिका महाधिवेशन प्रतिनिधिहरूद्वारा विधिवत् सम्पन्न नेपाली कांग्रेसको १४औं महाधिवेशनबाट निर्वाचित सभापतिका रूपमा १५औं महाधिवेशन सम्पन्न गरी पार्टीको नेतृत्व हस्तान्तरण गर्नु मेरो वैधानिक, राजनीतिक तथा नैतिक दायित्व हो, र त्यसलाई पूरा गर्नु मेरो कर्तव्य पनि हो,’ देउवाले विज्ञप्तिमार्फत भनेका छन् । देउवाले संस्थापनपक्षले आयोजना गरेको महाधिवेशनमा भाग नलिनसमेत अपिल गरेका छन् । देउवाले इतरपक्षले तोकेको मंसिर २१, २२ र २३ गतेको महाधिवेशनमामात्र भाग लिन आग्रह गरेका छन् ।

संस्थापनपक्ष भने देउवाको नेतृत्वमा महाधिवेशनमा जाँदा विशेष महाधिवेशन ‘कोल्याप्स’ हुने त्रासमा देखिन्छ । त्यसैले पनि सभापति थापा असोज १६ मै महाधिवेशन गर्ने पक्षमा छन् । देउवाको विज्ञप्ति आएसँगै सभापति थापाले पनि मंगलबार साँझ विज्ञप्ति जारी गर्दै असोज १६ गतेकै महाधिवेशनमा सहभागी हुन अपिल गरेका छन् । थापाले विशेष महाधिवेशन बहिष्कार गरेका १४औं महाधिवेशनबाट केन्द्रीय समितिमा निर्वाचित सबै जना केन्द्रीय सदस्य सुनिश्चित भइसकेको अवस्थामा अलमलमा नपरी महाधिवेशनमा भाग लिन आग्रह गरे ।

‘तत्कालीन केन्द्रीय कार्यसमितिका पदाधिकारी तथा सदस्य साथीहरू वर्तमान केन्द्रीय कार्यसमितिको पनि सदस्य सुनिश्चित भइसकेकोले १५औं महाधिवेशनको यो प्रक्रियामा केन्द्रीय सदस्यका रूपमा नै...

⏭ क्रमशः पृष्ठ २ मा

## ‘द ग्रे जोन’ रिपोर्ट विवादः रास्वपा नेतृत्वको मौनतामाथि संसद्मा प्रश्न

- ⏭ ‘ग्रे जोन’ रिपोर्टबारे प्रश्न सोध्दा रास्वपा सभापति रवि लामिछाने जवाफ नदिइकन हिंडे
- ⏭ आरोपित प्रधानमन्त्री, लामिछाने गृहमन्त्री सुधन गुरूङ र सांसद सागर ढकाल मौन

■ जेबी योञ्जन






जो जसकाप्रति लक्षित छ, उहाँहरूले त्यसको जवाफदेहितालाई बुझेर संसद् वा कहाँ हुन्छ, जवाफ दिनुपर्छ ।

■ **भीष्मराज आङदेम्बे**
प्रमुख प्रतिपक्षी नेता



त्यो कुरा नहोस् । र, त्यसबारे भएको के हो ? सही वा झूट के हो ? सरकारले जवाफ दिनुपर्छ ।

■ **युवराज दुलाल**
प्रमुख सचेतक, नेकपा

**काठमाडौं–** अमेरिकी सञ्चारमाध्यम ‘द ग्रे जोन’को पछिल्लो रिपोर्टले नेपाली राजनीतिमा खैलाबैला मच्चिएको छ । रिपोर्टमा नेपालका नयाँ राजनीतिक नेतृत्वसँग अमेरिकी सहयोगमा सञ्चालित संस्थाहरूको सम्बन्धबारे प्रश्न उठाइएको छ ।

यसलाई लिएर विपक्षतर्फबाट जवाफ खोज्न थालिएको छ । तर, रिपोर्टमा नाम जोडिएका सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति, सोही दलबाट प्रधानमन्त्री र गृहमन्त्री भएकादेखि सांसदसम्मले यसबारे मुख खोलेका छैनन् ।

द ग्रे जोनले सार्वजनिक गरेको रिपोर्टको शीर्षकमै नेपालको नयाँ नेतृत्व र अमेरिकी ‘रेजिम चेञ्ज’सम्बन्धी संस्थासँग जोडिएको दाबी गरिएको छ । रिपोर्टमा प्रधानमन्त्री वालेन्द्र शाह र रास्वपा सभापति रवि लामिछानेसहित केही नयाँ पुस्ताका राजनीतिक पात्रको नाम उल्लेख गरिएको छ ।

रिपोर्ट सार्वजनिक भएपछि सामाजिक सञ्जालदेखि संसद्सम्म यसको चर्चा चुलिएको छ । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले पनि रिपोर्टमा उठेका विषयलाई सम्बन्धित व्यक्तिले जवाफ दिनुपर्ने बताएका छन् ।

‘पत्रपत्रिकाका विषयहरू पनि जिम्मेवार साथीहरूको पाटोबाट आएका छन् भने त्यसलाई जो जसकाप्रति लक्षित छ, उहाँहरूले त्यसको जवाफदेहितालाई बुझेर संसद् वा कहाँ हुन्छ, उहाँहरूले जवाफचाहिँ दिनुपर्छ,’ मंगलबार सभामुख डोलप्रसाद अर्यालसँगको भेटपछि पत्रकारहरूसँग उनले भने । आङ्देम्बेको भनाइको सार आरोप सत्य हो वा होइन तर जवाफ दिनुपर्ने दायित्व आरोप लागेका व्यक्तिकै हो ।

मंगलबार नै प्रतिनिधिसभा बैठकमा नेकपाका प्रमुख सचेतक युवराज दुलालले सरकारसँग जवाफ मागे । उनले ‘द ग्रे जोन’ले सार्वजनिक गरेको रिपोर्टलाई गम्भीर विषयका रूपमा उठाए । सत्तारूढ दलका सभापति, प्रधानमन्त्री, गृहमन्त्रीलगायत संसद्मा प्रतिनिधित्व गर्ने व्यक्तिको नाम कुनै विदेशी संस्थासँग जोडिएको दाबी सार्वजनिक हुनु सामान्य विषय नभएको उनको भनाइ थियो ।

‘त्यो कुरा नहोस् । र, त्यसबारे भएको के हो ? सही हो ? झूट हो ? के हो ?,’ दुलालले सरकारसँग प्रश्न गरे । उनले प्रधानमन्त्री, सत्तारूढ दलका सभापति, सम्बन्धित मन्त्री र सांसदहरूले संसद्मार्फत आमनेपाली नागरिकलाई सम्बोधन गर्नुपर्ने बताए ।

यतिबेला सबैभन्दा रोचक पक्ष भनेको रास्वपाको मौनता बनेको छ । रास्वपा आफूलाई पुराना दलभन्दा फरक राजनीतिक शक्ति भनेर प्रस्तुत गर्दै आएको दल हो । पारदर्शिता, जवाफदेहिता र नयाँ राजनीतिक संस्कार उसको प्रमुख राजनीतिक दाबीमध्ये पर्छन् ।

तर, आफ्नै शीर्ष नेताहरूको नाम जोडिएको रिपोर्ट आएपछि भने पार्टीको प्रतिक्रिया अपेक्षितरूपमा बाहिर आएको छैन । रिपोर्टबारे पत्रकारले प्रश्न गर्दा रास्वपा सभापति लामिछाने जवाफ नदिई हिँडेका छन् । उनले रिपोर्टबारे आफ्नो धारणा सार्वजनिक गरेनन् ।

यही मौनताले अर्को प्रश्न उब्जिएको छ- ‘रास्वपा अरूलाई प्रश्न गर्न सधैं तयार हुन्छ, तर आफूमाथि प्रश्न उठ्दा किन तैँचुप मै चुप ?’ द ग्रे जोनको रिपोर्टले अमेरिकी सहयोगमा सञ्चालित भनिएका संस्थाहरूका कार्यक्रम, नेपालमा नयाँ पुस्ताको नेतृत्व पहिचान गर्ने प्रयास र केही नेपाली राजनीतिक पात्रबीचको सम्बन्धबारे प्रश्न उठाएको छ । त्यसमा रवि, वालेन्द्र, सुधन गुरुङ र सागर ढकाललगायतको नाम जोडिएको दाबी गरिएको छ । यही कारण अहिले बहसको केन्द्रमा अर्को प्रश्न छ- यी नामहरू त्यहाँ कसरी पुगे ?

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## सिण्डिकेटविरूद्ध दबाब बढाउँदै व्यवसायी

### मलेसियाको एफडब्ल्युसिएमएसमा सूचीकृत २५ व्यवसायीको तस्बिरमा जुत्ताले हानेर प्रदर्शन

■ ममता थापा




**काठमाडौं–** अहिले नेपाल वैदेशिक रोजागार व्यवसायी संघको सिफलस्थित कार्यालयको पर्खालमा २५ जना व्यवसायीको तस्बिरसहितको ब्यानर टाँगिएको छ । ब्यानरमा ठूलो अक्षरमा ‘सिण्डिकेटधारीहरूको मुखमा किरा परोस्, सास जाने बेलामा सहयोगी नपाई मरोस्’ लेखिएको छ । अझ मंगलबार त सबै व्यवसायीको तस्बिरमा कालो टीका लगाइदिएकोसमेत देखियो ।

शुक्रबार केही व्यवसायीहरू जम्मा भएर ‘सिण्डिकेटधारी मुर्दावाद’ भन्ने नारा लगाउँदै ब्यानरमा राखिएका २५ जना व्यवसायीका तस्बिरमाथि जुत्ता फुकाल्दै हानेको भिडियो सार्वजनिक भयो । उनीहरूले मंगलबार पनि त्यसलाई निरन्तरता दिए । उक्त दिन जम्मा भएका व्यवसायीहरू थप आक्रोशित बन्दै आफूले लगाएका जुत्ता फुकालेर ब्यानरमा हानिरहेका थिए । यसरी आफ्नो तस्बिरमा जुत्ता खाने २५ व्यवसायी मलेसियाको रोजगारीमा एकाधिकार (सिण्डिकेट) भित्र्याउन सक्रिय भनिएकाहरू हुन् । मलेसियाको विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मा मुख्य एजेन्सीका रूपमा सूचीकृत ती व्यवसायीविरुद्ध नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वमा व्यवसायीहरू संघर्षमा उत्रिएका हुन् ।

गत अगस्ट २१ तारिखमा मलेसियाले सार्वजनिक गरेको २५ व्यवसायीको सूचीमा पछि २५० व्यवसायीलाई सहायक एजेन्सीको रूपमा थप गरिएपछि बाँकी व्यवसायीहरू थप आक्रोशित बनेका छन् । संघले यसविरुद्ध सरकारसँग निरन्तर खबरदारी गरिरहेका भए पनि व्यवसायीहरू ढुक्क देखिँदैनन् त्यसैले संघलाई दबाब दिन संघको कार्यालयमा दिनभर धर्ना दिएर बस्ने गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

## श्रम गन्तव्य विस्तार गर्न संघले बुझायो सरकारलाई ज्ञापनपत्र

**काठमाडौ (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सरकारसमक्ष थप श्रम गन्तव्य मुलुकमा संस्थागतरूपमा श्रमिक पठाउने व्यवस्था गर्न माग गरेको छ । संघले मंगलबार नयाँ गन्तव्य राष्ट्रहरू सूचीकृत गर्नुपर्ने माग राख्दै युवा, श्रम तथा रोजगार मन्त्रालयका सचिव दीपक काफ्लेलाई ज्ञापनपत्र बुझाएको जानकारी दिएको छ ।

हाल सरकारले हाल सूचीकृत गरेका १११ राष्ट्रबाहेक नेपालीहरू रोजगारीका लागि व्यक्तिगत श्रम स्वीकृति लिएर १८६ वटा मुलुकमा पुगेको पाइन्छ । यसलाई मध्यनजर गर्दै, थप श्रम गन्तव्य मुलुकहरूमा संस्थागतरूपमा नेपाली श्रमिक पठाउने व्यवस्था गर्न माग गरिएको संघका महासचिव हिराबहादुर डाँगीले बताए । साथै मलेसियाका अन्य प्रान्तबाट आउने मागपत्र प्रमाणीकरण गर्नसमेत अनुरोध गरेको उनले बताए ।

‘परम्परागत गन्तव्य मुलुकबाहेक अन्य मुलुकमा इजाजतपत्र प्राप्त संस्थामार्फत जाने वातावरण मन्त्रालयको ध्यानाकर्षण गराएका छौं,’ उनले भने, ‘साथै इस्ट मलेसियाअन्तर्गत सबाह तथा सर सरवक प्रान्तबाट प्राप्त मागपत्रहरू प्रमाणीकरणका लागि सम्बन्धित नेपाली दूतावासमार्फत आवश्यक कूटनीतिक पहल गरिदिन भनेका छौं ।’ सरकारले नीतिगत सुधार गरेपछि मागपत्र प्रमाणीकरणको प्रक्रिया पनि क्रमशः सहज हुँदै जाने महासचिव डाँगीले बताए । श्रमबजार प्रवर्द्धनका लागि नयाँ तथा उदीयमान श्रम गन्तव्यको खोजी र बजार विस्तारमा सबै व्यवसायीको सक्रिय सहभागिताका आवश्यक हुने उनको भनाइ छ ।

## ‘एफडब्ल्युसिएमएस‘बारे श्रममन्त्री यादवले गराए मलेसिया सरकारको ध्यानाकर्षण

### कानुनी प्रावधान र द्विपक्षीय श्रम सम्झौताविपरीतको प्रणाली स्वीकार्य नहुने जानकारी



■ प्रभाव संवाददाता

**काठमाडौं–** युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले मलेसियाको विदेशी कामदारको एकीकृत व्यवस्थापन प्रणाली (एफडब्ल्युसिएमएस) मा नेपालका सीमित व्यवसायीलाई मात्रै सूचीकृत गरिएकोप्रति मलेसिया सरकारको ध्यानाकर्षण गराएका छन् ।

मंगलबार नेपालका लागि मलेसियाका कार्यवाहक राजदूत मोहम्मद फिरदौस अजमानसँग सिंहदरबारस्थित श्रम मन्त्रालयमा भएको भेटवार्तामा उक्त विषय नेपाल सरकारलाई स्वीकार्य नहुने प्रस्ट पारेका हुन् ।

‘भेटवार्ताका क्रममा मन्त्री यादवले मलेसियाको एफडब्लुसिएमएसमा नेपालका केही इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थालाई मुख्य र सहायक संस्थाका रूपमा सूचीकृत...

⏭ क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

### 'द ग्रे जोन'...

उनीहरू कुनै कार्यक्रमसँग जोडिएका थिए कि थिएनन् ? कुनै तालिम लिएका थिए ? कुनै नेटवर्किङ कार्यक्रमको हिस्सा बनेका थिए ? कुनै संस्थागत वा प्राविधिक सहयोग पाएका थिए ? यदि थिएनन् भने सम्बन्धित व्यक्तिले स्पष्टरूपमा भन्न किन नसक्ने ? र यदि थिए भने त्यसको प्रकृति के थियो ? यिनै प्रश्नको उत्तर विपक्षी दलहरूले खोजेका हुन् ।

उसो त नेपालमा नयाँ राजनीतिक शक्तिको उदय हुनु आफैंमा अस्वाभाविक होइन । पुराना दलप्रतिको असन्तुष्टि, भ्रष्टाचारप्रतिको आक्रोश, बेरोजगारी, राजनीतिक निराशा र पुस्तान्तरणको चाहनाले नयाँ नेतृत्वलाई स्थापित गर्न ठूलो भूमिका खेलेको हुन सक्छ । तर, त्यसै क्रममा कुनै विदेशी संस्थाले सम्भावित नेतृत्व पहिचान गरेको थियो भने त्यो पनि सार्वजनिक बहसको विषय बन्न सक्छ । किनकि नेपालको राजनीतिक नेतृत्व नेपाली जनताको मतबाट निर्माण हुन्छ । कुनै विदेशी शक्ति, संस्था वा परियोजनाको डिजाइनबाट होइन । त्यसैले प्रश्न उठ्दा जवाफ दिनु कमजोरी होइन । बरु जवाफदेहिताको प्रमाण हो ।

राजनीतिशास्त्री डा. तारानाथ घिमिरेका अनुसार रास्वपाले बारम्बार पुराना दललाई पारदर्शिताको पाठ पढाएको छ । नेताहरूको विगत खोजेको छ । स्रोत खोजेको छ । आर्थिक सम्बन्ध खोजेको छ । विदेशी सम्बन्धमाथि प्रश्न उठाएको छ । अब त्यही मापदण्ड रास्वपामाथि पनि लागू हुनुपर्ने मत डा. घिमिरेको छ । उनले प्रभावसँग भने, 'रास्वपाले यो विषयको जवाफ नदिई हुँदैन ।' अमेरिकी सहयोगमा सञ्चालित भनिएको कार्यक्रमको 'लिक'दस्तावेजमा रवि लामिछाने, वालेन्द्र शाह, सुधन गुरुङ र सागर ढकालको नाम 'क्याटालिटिक सिभिक लिडरर्स'का रूपमा उल्लेख भएको दाबी सार्वजनिक भएपछि यो प्रश्न झन् गम्भीर बनेको छ ।

द ग्रे जोनले सार्वजनिक गरेको दस्तावेजसहितको समाचार अनुसार नेपालमा सन् २०१७ देखि २०२२ सम्म सञ्चालित 'नीति संवाद' परियोजनाका लागि अमेरिकी सरकारबाट करिब २० मिलियन डलर सहयोग भएको थियो । उक्त परियोजनामा आइआरआई, आइएफइएस र एनडिआईजस्ता संस्थाहरू संलग्न थिए । त्यही कार्यक्रमका कागजातमा रवि, बालेन, सागर ढकाल र सुधनको नाम सम्भावित प्रभावशाली नागरिक नेतृत्वका रूपमा उल्लेख भएको दाबी गरिएको छ ।

■■■

### महाधिवेशनबारे...

सहभागी हुने हुँदा कुनै पनि अलमल एवं द्विविधामा नपरी असोज ३ र ४ गतेको वडा अधिवेशनलगायतका अन्य तहका निर्धारित कार्यतालिकाबमोजिमका अधिवेशनहरूमा सहभागी हुन विशेष आग्रह गर्दछु,' गगनले भनेका छन्, 'असोज ३ गते वडाबाट प्रारम्भ भइ १६ देखि १९ सम्म काठमाडौंको खुल्ला मञ्चमा सम्पन्न हुने १५औं महाधिवेशनमा सबै तहका कार्यसमितिले पार्टीको वृहत्तर हितलाई ध्यानमा राखी सोहीअनुसार सौहार्द्रपूर्ण र हार्दिक वातावरणमा सबैलाई सहभागिता गराई महाधिवेशन सम्पन्न गर्न र उत्साहपूर्वक सहभागी हुन सम्पूर्ण तहगत कार्यसमिति, पदाधिकारी, सदस्य, समर्थक र शुभेच्छुकहरूमा हार्दिक अपिल गर्दछु ।'

यसअघि कडा रूपमा प्रस्तुत हुँदै आएका गगन यसपटकको विज्ञप्तिमा निकै नरम देखिएका छन् । थापाले पार्टीभित्र मतभेद हुनु लोकतन्त्रको सुन्दर पक्ष भएको बताएका छन् । 'लोकतन्त्रमा फरक मत हुने गर्छन्, पार्टीभित्र आन्तरिक मतभेद र असमझदारी हुनसक्छन् तर ती भिन्न मतको सम्मान गर्न सक्नु, संवाद, विधि र पद्दतिबाट त्यसको समाधान खोज्नु नै लोकतन्त्रको सुन्दर पक्ष हो,' उनले भनेका छन्, 'नेपाली कांग्रेसमा फरक मतलाई स्वीकार गरेर विधि र पद्धतिका आधारमा समाधान खोज्ने परम्परा रहदै आएको छ । त्यही जिम्मेवारीबोधका साथ वर्तमान कार्यसमितिले समस्त कांग्रेसजनको मनोभावना अनुसार पटक-पटक संवादमार्फत सहमतिका सबै विकल्प स्वीकार गरेर सहभागिताको प्रयास गरेको हो ।'

#### खड्का समूह गगनसँग सशंकित

केन्द्रीय समिति सदस्य पाउने भएसँगै कांग्रेस पूर्वउपसभापति पूर्णबहादुर खड्का समूहबाट ३१ जना संस्थापन पक्षमा आउने भनिएको थियो । तर केन्द्रीय सदस्य उधारो भएको भन्दै उनीहरू संस्थापनसँग सशंकित बनेका छन् ।

देउवा समूहबाट गगन पक्षमा जान नेतृत्व गरेका नेता श्याम घिमिरे कार्यसम्पादन समितिको बैठकले गरेका निर्णयमा आफूहरूलाई शंका लागेको बताए । 'हाम्रा मागलाई पूरा तोडमोड गरियो । किनकि, निर्णय हामीले भनेजस्तो भएन । सामूहिक छलफलपछि एउटा निर्णयमा पुग्छौं,' घिमिरेले भने । सानेपामा आइतबार नै खड्का समूह पुग्ने भनिए पनि मंगलबारसम्म उनीहरू जुट्न सकेका छैनन् । ३१ जनाको यो समूह आधी गगनतिर आधी देउवातिर लाग्ने एक नेताले बताए ।

■■■

### सिण्डिकेटविरुद्ध...

उक्त समूहमा सहभागी गोरखा नेपाल प्लेसमेन्ट सर्भिसेज प्रालिका सञ्चालक दिनेश श्रेष्ठ एकाधिकार ल्याउने खेलबाट पछि हट्न दबाब दिने अभिप्रायले यस्तो गरिएको बताउँछन् । 'जुत्ता प्रहारको विषयमा हाम्रो इच्छाले जुत्ता हानेको होइन । उहाँहरूलाई सामाजिक तिरस्कार गर्दा केही लचिलो हुनुहोला भनेर हो,' उनले भने, 'तर अझै पनि जुत्ता खाने मन छ भने अघि बढ्दै जानुहुन्छ, हामी पनि संघर्षका कार्यक्रम अघि बढाउँछौं ।'

हाल संघमा सानो संख्यामात्र उपस्थित हुँदै आए पनि परिआए तत्काल भेला हुने गोप्य समूह पनि बनेको जनाइएको छ । उक्त समूहमा झण्डै डेढ सय व्यवसायी एकीकृत भएकाले एकाधिकारमा मुछिएकाहरू पछि हट्नुको विकल्प नभएको श्रेष्ठले चेतावनी दिए ।

'उहाँहरू पनि व्यवसायी नै हो । भोलि यही व्यवसायमा फर्किएर आउने बाटो राख्नुपर्छ भनेर सांकेतिक विरोधमात्र गरिरहेका छौं,' उनले भने, 'पेलेरै जान खोज्नुभयो भने उहाँहरूले थेग्नै नसक्ने कार्यक्रम हामीसँग छन् ।'

संघमा व्यवसायीहरूको समूह बिहान करिब १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म भेटिन्छ । लोकतान्त्रिक एसोसिएसन उक्त समूहले संघले दिनभरि केके गर्छ, संघको नेतृत्व कुनकुन निकायमा जान्छन् जस्ता जानकारी राख्छ र मलेसिया रोजगारीमा एकाधिकार लगाउने प्रयासलाई कसरी परास्त गर्ने भनेर योजना बनाउँछ । आफ्नो कामलाई पनि निरन्तरता दिनपर्ने भएकाले उक्त समूहमा जोडिएकाहरू आवश्यकता अनुसार कोहि कार्यालय पुग्दै फेरी संघमै आइपुग्छन् । कोहि भने संघमै बसेर आफ्ना कर्मचारीहरूलाई यसरी काम गर्नू भनेर खटाइरहेका भेटिन्छन् । संघलाई घच्घच्याउन र व्यवसायीलाई सजग बनाउन आफूहरू नियमित रूपमा उपस्थित हुने गरेको उक्त समूहको दाबी छ ।

राज्यले सबै व्यवसायीलाई इजाजत दिएपछि समान रूपमा व्यवसाय गर्न दिनुपर्ने आम व्यवसायीको माग छ । व्यवसायीहरूको छाता संगठन संघलाई एकाधिकारविरुद्ध लड्न दबाब र आवश्यक पर्दा साथ दिन आफूहरू नियमित आउने गरेको सेक्युअर नेपाल जब प्लेसमेन्ट प्रालिका संञ्चालक एवं नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनका महासचिव सुमनराज पाण्डेले बताए । आफूहरू दलगत आवद्धताबाट टाढा बसेर सबैले व्यवसाय गर्न पाउनपर्छ भनेर नियमित भेला हुने गरेको पाण्डेको भनाइ छ ।

'हामी सिण्डिकेटविरुद्ध लड्न संघलाई खबरदारी गर्न आउँछौं । संघमा आएका व्यवसायीहरूलाई सिण्डिकेटमा लाग्नु गलत हो भनेर सम्झाउँछौं,' उनले भने, '२२ तारिख शनिबारदेखि एक दिन पनि नबिराई आइरहेका छौं । सिण्डिकेट नहटेसम्म हामी आइरहन्छौं । यो कुनै पार्टीको समूह नभएर सबैले व्यवसाय गर्न पाउनपर्छ भन्ने स्वतन्त्र समूह हो ।'

एफडब्ल्युसिएमएसमा सूचीकृत व्यवसायीहरू भने उक्त प्रणालीबाट नाम फिर्ता लिनुको साटो १०-१० जनाको व्यवसायीको समूह बनाएर थप २५० व्यवसायीलाई उक्त प्रणालीमा आबद्ध गराएका छन् । उनीहरू व्यवसायीको संख्या बढाएरै भए पनि आफूले मात्र काम गर्न पाउने व्यवस्था ल्याउन खाजेको देखिन्छ । यद्यपि युवा, श्रम तथा रोजगार मन्त्रालय र वैदेशिक रोजगार विभागले भने आरोपित व्यवसायीमाथि छानबिन अघि बढाइसकेका छन् । सोमबार विभागले ती व्यवसायीहरूलाई पत्र लेखेर सात दिनभित्र स्पष्टीकरण पेस गर्न निर्देशन दिइसकेको छ ।

■■■

### 'एफडब्ल्युसिएमएस'बारे...

गरिएको विषयप्रति सरकार गम्भीर रहेको जानकारी गराउँदै संस्थाहरू सूचीकृत मूल्यांकन प्रणाली तथा मापदण्ड नेपाल सरकारलाई आधिकारिकरूपमा उपलब्ध गराउन अनुरोध गर्नुभएको छ,' श्रममन्त्रीको सचिवालयले जनाएको छ ।

मन्त्री यादवले वैदेशिक रोजगार व्यवसायमा प्रतिस्पर्धा संकुचित हुने, सीमित संस्था वा समूहको नियन्त्रण कायम हुने कुनै पनि व्यवस्था कानुनी प्रावधान र द्विपक्षीय श्रम सम्झौताविपरीत हुने विषय नेपाल सरकारलाई स्वीकार्य नहुने स्पष्ट पारेको जनाएको छ ।

'सबै इजाजतपत्र प्राप्त संस्थाका लागि समान अवसर, पारदर्शिता र निष्पक्ष प्रतिस्पर्धा सुनिश्चित हुनुपर्ने स्पष्ट धारणा उहाँले राख्नुभयो । साथै, केही सूचीकृत इजाजतपत्र प्राप्त संस्थाहरूले आफूहरू एफडब्ल्युसिएमएस प्रणालीबाट बाहिरिने इच्छा राखेको विषयसमेत जानकारी गराउनुभयो,' सचिवालयले भनेको छ । मन्त्री यादवले यस विषय समाधानका लागि जतिसक्दो चाँडो द्विपक्षीय कूटनीतिक परामर्श र नेपाल सरकारको प्रयासमा सहजीकरण गरी मलेसिया सरकारसँग आवश्यक समन्वयका लागि पहल गर्न कार्यवाहक राजदूत अजमानलाई आग्रह गरेका छन् ।

---

सरकारसँग सांसदहरूको माग

# किसान र उपभोक्तालाई मारमा पार्ने अवस्थाको अन्त्य गर्नू

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको मंगलबारको विशेष समयमा सांसदहरूले किसानले उत्पादनको उचित मूल्य नपाउने र उपभोक्ताले त्यही वस्तु महँगोमा खरिद गर्नुपर्ने अवस्थाको अन्त्य गर्न सरकारसँग माग गरेका छन् ।

सांसद सुशीला ढकाल आचार्यले किसानले उत्पादनको उचित मूल्य नपाउने तर उपभोक्ताले महँगोमा वस्तु खरिद गर्नुपर्ने अवस्था अन्त्य गर्न बजारमा हुने कृत्रिम मूल्यवृद्धि नियन्त्रणका लागि सरकारले प्रभावकारी पहल गर्नुपर्ने बताइन् । सांसद गणेश कार्कीले सांसदको गरिमा पहिरनबाट नभई कामबाट स्थापित हुने बताए । मुलुकको भविष्य परिवर्तन गर्ने जिम्मेवारी पाएका सांसद आफैं पनि परिवर्तन हुनुपर्ने उनको भनाइ छ ।

सांसद राधिका रम्तेलले विपद्को जोखिममा रहेका नागरिकलाई सुरक्षित बनाउन दीर्घकालीन डुबान नियन्त्रणका काम अघि बढाउन सरकारको ध्यानाकर्षण गराइन् । उनले विगतमा वीरेन्द्रनगरमा भएको डुबानको घटना पुनःदोहोरिन नदिन आवश्यक पूर्वतयारी गर्नुपर्ने बताइन् ।

सांसद प्रभा कार्कीले खाना पकाउने एलपी ग्यासको अभावका कारण उपभोक्ता मारमा परेको भन्दै आपूर्ति सहज बनाउन सरकार गम्भीर हुनुपर्ने बताइन् । सांसद बसुमाया तामाङले भोटेकोशी बाढीबाट धेरै नागरिक घरबारविहीन भएको उल्लेख गर्दै वृद्धवृद्धा तथा बालबालिका बढी प्रभावित भएको बताइन् । प्रभावितको सुरक्षित पुनःस्थापना तथा पुनर्वासका लागि विशेष पहल गर्न सरकारसँग उनले आग्रह गरिन् ।

सांसद डा. आनन्दबहादुर चन्दले कृत्रिम बौद्धिकता (एआई) का विषयमा नेपालमा पर्याप्त अनुसन्धान हुन नसकेको बताउँदै यसलाई प्राथमिकतामा राखेर अनुसन्धान अघि बढाउनुपर्नेमा जोड दिए । विश्वविद्यालयमा एआईसम्बन्धी विषयको अध्ययन अध्यापनको व्यवस्था गर्नुपर्ने उनको भनाइ छ ।

सांसद गोविन्द पन्थीले भोटेकोशी बाढीमा बेपत्ता भएका व्यक्तिको शव फेला नपरेका कारण प्रमाणको अभावमा मृत्यु घोषणा गर्न नसक्दा पीडित परिवारले विभिन्न समस्या भोग्नुपर्ने अवस्था आउनसक्ने बताए । सांसद बुद्धिप्रसाद पन्थले स्थानीय तहमा भ्रष्टाचार बढ्दै गएको भन्दै आर्थिक समस्या समाधानसँगै पारदर्शिता र जवाफदेहिता कायम गर्न आवश्यक रहेको बताए ।

सांसद ललिताकुमारीले वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिइन् । मधेसमा जलवायु परिवर्तनका असर दैनिक जनजीवनमै देखिन थालेको उल्लेख गर्दै उनले विकास निर्माणका कामलाई वातावरणमैत्री बनाउन सरकारको ध्यानाकर्षण गराइन् ।

---

**मनमैजु समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि.**
**Manamaiju Social Welfarepurpose Co-Operative Society Ltd.**
तारकेश्वर न.पा.-१०, लोकतन्त्र चोक, मनमैंजु, काठमाडौं, फोन नं. ०१-४०२७१०६

**मनमैंजु समाज कल्याण बहुउद्देश्यीय सहकारी संस्था लि.को १९औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

यही मिति २०८३/४/२२ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार यस संस्थाको **१९ औं वार्षिक साधारण सभा**मा निम्न विषयहरू उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकोले सम्पूर्ण शेयर सदस्यहरूको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**छलफलका विषयहरू :**

१. सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री लव कुमार बस्नेतद्वारा प्रस्तुत आ.व. ०८२/०८३ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. संस्थाका तर्फबाट संस्थाका प्रबन्ध निर्देशक श्री सुशिला शर्माबाट प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
३. लेखा परिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष ०८२/०८३ को वासलात र नाफा नोक्सान हिसाब पारित गर्ने सम्बन्धमा ।
४. आ.व.०८३/०८४ को लेखा कार्यक्रम तथा अनुमानित बजेट पारित गर्ने सम्बन्धमा ।
५. आ.व.०८३/०८४ को लागि लेखा परिक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्नका लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
७. कोष तथा लाभांश वितरण सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
८. शेयर रकम फिर्ता सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

**साधारण सभा हुने मिति स्थान र समय :**
**मिति** : २०८३ आश्विन २४ गते, शनिबार ।
**समय** : बिहान ८:०० बजे
**स्थान** : संस्थाको निजि भवनमा
तारकेश्वर १०, हिलेडोल काठमाडौं ।
सम्पर्क नं.९८५१०५३४६२ ९८५१००६९११

**श्री लव कुमार बस्नेत**
**अध्यक्ष**

---

**युएइमा रोजगार** कम्पनी : Sewak Buildings Maintenance and Cleaning Services llc
पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347828 | चलानी नं. ६०२२६११३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker / Construction Worker | 10 | 0 | 1050 | ४३,६७४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Overseas Recruiting Manpower Pvt.Ltd**
Kareshwor Marge- 31, Kathmandu, Nepal, Tel: +977 01 4533357, Mob: 9819803981, 9818958025
E-mail : info@sunlightmanpower.com, Web: www.sunlightmanpower.com

**बहराइनमा रोजगार** कम्पनी : GLAM HEAVEN BEAUTY SALON
पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347914 | चलानी नं.६०२६१०५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 4 | 150 | ६०,८४७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Chabahil 07, Kathmandu, Nepal., Tel: +977-01-5910894
Mob: 9802343008, 9700699159 - Srijana Chidi Magar, Email: hrnepalservices@gmail.com
श्रम इजाजत नं. १५४८/०७८/०७९

**साउदीमा रोजगार** कम्पनी : Hasad Al-Dhahab Trading Establishment
सेवा शुल्क: निःशुल्क
पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347886 | चलानी नं. ६०२६१०७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF | 4 | 0 | 1500 | ६१,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
इं.प.नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal, Contact : 9813048931 (Mazid), E-mail : alkausar.hrm@gmail.com

**मलेसियामा रोजगार** कम्पनी : ORGABIO MANUFACTURING SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०१/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 341778 | चलानी नं. ६०२५५१२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 5 | 0 | 1700 | ६५,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERPID RECRUITMENT SERVICES PVT. LTD**
Permission No. 1676/080/081
Sinamangal-9, Kathmandu, Tel: + 977-1-4560530/4560531
Contact Person : 9851405196, 9802368141, Mail: info@interpidhr.com, Web: www.interpidhr.com

**साउदीमा रोजगार** कम्पनी : MBANI AL-JAZIRAH AL-ARABIYEH FOR TRADING
पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347891 | चलानी नं. ६०२६१०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ७३,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Shuvam Overseas Employment Pvt. Ltd.**
श्रम इजाजत नं. ४९७/०६१/०६२
Basundhara, Kathmandu, Nepal, Tel : +977-1-4985544, Shree Prasad Gurung (9806131199)
E-mail : shuvamoveseas677@gmail.com, Website : www.shuvamoverseas.com

**युएइमा रोजगार** कम्पनी : AL AQLB AL NAQI FACILITIES MANAGEMENT SERVICES
पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347881 | चलानी नं. ६०२६१०४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BARTENDER / GENERAL CLEANER | 10 | 0 | 1000 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Leaders International Recruitment Agency Pvt. Ltd**
श्रम इजाजत नं.१६१५/०७९/०८०
Kathmandu-3 Maharajgunj, Nepal. Tel: +977- 015916748, 9808000088, Email: leadersnepal1615@gmail.com

**साउदीमा रोजगार** कम्पनी : INDIQUE RESTAURANT
पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347380 | चलानी नं. ६०२५७१००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR FOOD | 2 | 0 | 1300 | ५२,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INTERNATIONAL TRADE LINKS NEPAL PVT.LTD.**
Govt. License No. 706/064/065
KMC-4, Dhumbarahi, Kathmandu, Nepal, Tel: +977-1-4970669
E-mail : info@itlnepal.com, nir@itlnepal.com, Web: www.itlnepal.com

**कुवेतमा रोजगार** कम्पनी : ALGHANIM INTERNATIONAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.
पूर्व स्वीकृति मिति : २०८२/११/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 339525 | चलानी नं. ६०२५२९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 100 | 0 | 100 | ४९,४८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.२१००/- कामदर आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**NEPAL HR SOLUTION PVT. LTD.**
LIC No. 1082/073/74
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

---

**दुधौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुधौली, सिन्धुली**
**बागमती प्रदेश नेपाल**

**कमला तथा सहायक खोलाबाट बालुवा गिट्टी र भरोट माटो संकलन/उत्खनन् गर्नका लागी प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशन मिति २०८३/०५/३१)**

बागमती प्रदेश सिन्धुली जिल्ला दुधौली नगरपालिका द्वारा देहाय बमाजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | दुधौली नगरपालिकाको कार्यालय, दुधौली, सिन्धुली |
| **प्रस्तावको व्यहोरा** | दुधौली नगरपालिकाको कमला तथा सहायक खोला बाट बालुवा, गिट्टी र भरोट माटो संकलन/उत्खनन् गर्ने कार्य |
| **प्रभाव पार्न सक्ने क्षेत्र** | सिन्धुली जिल्ला दुधौली नगरपालिका वडा नं. १, २, ३, ४, ५, ६, ९, १० र ११ |

नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परक्षिण कार्यविधि २०७८ बमोजिमसो सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न दुधौलीनगरपालिका वडा नं. १, २, ३, ४, ५, ६, ९, १० र ११ का विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र देहायमा उल्लेखित ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | दुधौली नगरपालिकाको कार्यालय, दुधौली, सिन्धुली<br>वेबसाइटः www.dudhaulimun.gov.np<br>ईमेलः info@dudhaulimun.gov.np |
| **परामर्शदाताको नाम र ठेगाना** | सोडारी निर्माण सेवा प्रा.लि,<br>रंगेली, मोरङ, फोन नं. :९८१९०४३१४४ |

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समय**

| स्थान | मिति | समय |
|---|---|---|
| सुन्देश्वर मन्दिर वडा नं. १ | २०८३/०५/३१ | बिहान १०:०० बजे |
| दु. न. पा. २ नं. वडा कार्यालय | २०८३/०५/३१ | दिउसो १:०० बजे |
| दु. न. पा. ६ नं. वडा कार्यालय | २०८३/०६/०१ | बिहान १०:३० बजे |
| दु. न. पा. ५ नं. वडा कार्यालय | २०८३/०६/०१ | दिउसो १:३० बजे |
| दु. न. पा. ४ नं. वडा कार्यालय | २०८३/०६/०२ | बिहान १०:३० बजे |
| दु. न. पा. ३ नं. वडा कार्यालय | २०८३/०६/०२ | दिउसो १:०० बजे |
| दु. न. पा. १० नं. वडा कार्यालय | २०८३/०६/०३ | बिहान १०:३० बजे |
| दु. न. पा. ९ नं. वडा कार्यालय | २०८३/०६/०३ | दिउसो १:३० बजे |
| दु. न. पा. ११ नं. वडा कार्यालय | २०८३/०६/०४ | बिहान १०:३० बजे |

# मनाइयो गणेश चतुर्थी

**काठमाडौं (प्रस)–** प्रथमपूजाको अधिकार प्राप्त गरेका बिघ्नहर्ता भगवान् श्री गणेशको पूजा आराधना गरी मंगलबार गणेश चतुर्थी पर्व मनाइएको छ ।

सत्ययुगमा भाद्र शुक्ल चतुर्थीका दिन भगवान् गणेशको जन्म भएको शास्त्रीय मान्यता छ । यस अवसरमा मंगलबार उपत्यकाका अशोकविनायक, चन्द्रविनायक, सूर्यविनायक, कमलविनायक, धनगणेश, जलविनायक, कार्यविनायक, कमलादी गणेशलगायत देशभरका गणेश मन्दिरमा विशेष पूजा आराधना गरी गणेश चतुर्थी पर्व मनाइएको हो ।

शिवपार्वतीका पुत्र गणेशलाई जुनसुकै धार्मिक कर्ममा अग्रपूजाको अधिकार प्राप्त छ । हरितालिका (तीजको व्रत) पारायण गरी गणेशको व्रत गर्ने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चांग निर्णायक विकास समितिका पूर्वसदस्य प्रा.डा. देवमणि भट्टराई बताउँछन् । यस अवसरमा मंगलबार नै गणेश रथयात्रा पनि गरिएको छ ।

भाद्र शुक्ल तृतीयाका दिन सुखद दाम्पत्य जीवन तथा सुखशान्तिको कामना गरेका वर्तालुले आज चतुर्थीका दिन जीवनमा बिघ्न नआओस् भनी कामना गर्न गणेश पूजा गर्ने विधान गणेश पुराणमा उल्लेख छ । मंगल चतुर्थीसमेत भनिने यो पर्व यस वर्ष मंगलबार नै परेको थियो । यस पर्वका अवसरमा चतुर्थीका दिन नेवार समुदायले चथा पर्वका रूपमा मनाउने गर्छन् । यस वर्ष तिथिको घटबढका कारण ऋषिपञ्चमी पर्व पनि मंगलबार नै परेको थियो ।

# भोटेकोशी बाढीपीडितका लागि एक करोड ७१ लाख सहयोग

**पाल्पा–** भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि यहाँका स्थानीय तहले एक करोड ७१ लाख रूपैयाँ सहयोग गर्ने निर्णय गरेका छन् ।

रैनादेवी छहरा, माथागढी, तिनाउ, पूर्वखोला, रिब्दीकोट, रम्भा, बगनासकाली, निस्दी गाउँपालिका र रामपुर तथा तानसेन नगरपालिकाले बाढीपीडितका लागि राहत स्वरूप उक्त रकम सहयोग गर्ने निर्णय गरेका हुन् ।

भोटेकोशी क्षेत्रमा बाढीका कारण ठूलो जनधनको क्षति भएपछि स्थानीय तह, संघसंस्था तथा विभिन्न क्षेत्रबाट राहत र पुनःस्थापनाका लागि सहयोग जुटाउने क्रम चलिरहेका बेला यहाँका स्थानीय तहले आर्थिक सहायत दिने निर्णय गरेका हुन् ।

रैनादेवी छहरा गाउँपालिकाले ३५ लाख ४४ हजार ३४५ रूपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ । पालिकाले स्थानीय विपद् व्यवस्थापन कोषबाट दुई लाख ५० हजार रूपैयाँ, जनप्रतिनिधिबाट दुई लाख पाँच हजार ९५० रूपैयाँ, कर्मचारीबाट छ लाख ४८ हजार रूपैयाँ, शिक्षकबाट २४ लाख २५ हजार ३१४ रूपैयाँ र तीज गीत कार्यक्रमलाई छुटचाएको १५ हजार रूपैयाँ बजेट कटौती गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने निर्णय गरिएको अध्यक्ष रुक्मांगत भट्टराईले बताए ।

विपद्का बेला मानवीय सहयोग र स्थानीय सरकारको सामाजिक उत्तरदायित्वलाई ध्यानमा राख्दै कार्यपालिकाले सहयोग गर्ने निर्णय गरेको




उनले बताए । माथागढी गाउँपालिकाले ३४ लाख ४६ हजार रूपैयाँ, रिब्दीकोट गाउँपालिकाले ३१ लाख ५० हजार रूपैयाँ, पूर्वखोला गाउँपालिकाले २९ लाख ७५ हजार ९७२ रूपैयाँ, बगनासकाली गाउँपालिकाले दुई लाख ५० हजार रूपैयाँ, रामपुर नगरपालिकाले दुई लाख ५० हजार रूपैयाँ, रम्भा गाउँपालिकाले दुई लाख ५० हजार रूपैयाँ र निस्दी निस्दी गाउँपालिकाले एक लाख रूपैयाँ कोषमा जम्मा गर्ने निर्णय गरेका छन् ।

रामपुर नगरपालिकाले प्रत्येक वर्ष गर्दै आएको उपप्रमुख तीज विशेष कार्यक्रम स्थगित गरेको छ । जिल्ला प्रशासन कार्यालय पाल्पामा भदौ १३ गते बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकलेसमेत बाढीपीडितका लागि राहत सामग्री संकलन तथा पठाउने कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन एकद्वार प्रणाली अपनाउने निर्णय गरेको छ । *रासस*

## मोटरसाइकल हरायो

मिति २०८३/०५/१५ गते बा ०५७ प ३४६१ नम्बरको कालो रातो रंगको बजाज पल्सर (२२० सीसी) मोटरसाइकल काठमाडौंको तारकेश्वर नगरपालिका-२ वसन्त नगर कोलोनीबाट हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी चौकी वा मोबाइल नम्बर ९८४१४१४६८५ मा सम्पर्क गरिदिनु हुन हार्दिक अनुरोध छ ।

**सवारी धनीको नाम: हुलास फिन सर्भ हायर पर्चेज**
**ऋणी: अनिल तामाङ**
**सम्पर्क व्यक्ति: राजेन्द्र लामा**
**बाइक नम्बर : बा ०२-०५७ प ३४६१**
**च्यासिस नम्बर: DKXCSM12144**
**इन्जिन नम्बर: MD2A13EX4SCM81374**

## बिमालेख हराएको सूचना

मिति २०८३/०५/११ गते, टेकुदेखी किर्तिपुरसम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : रेजन रायमाझी**
**बिमालेख नं : १०१०००७६१५**
**ठेगाना : रोशी–१२, काभ्रे**
**कम्पनी: प्राइम लाइफ इन्स्योरेन्स कम्पनी**
**सम्पर्क नं : ९८५१२१२२४७**

## मोटरसाइकल हराएको सूचना

मिति २०८३/०५/२७ गते का.जि.टो.न.पा.वडा नं.०३, भेटघाट चोकबाट पार्किङ गरी राखिएको अवस्थामा रातो, कालो रङ्को २२० सि.सि. पल्सर मोटरसाइकल रातीको अन्दाजी ११:०० बजेको समयमा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**सवारी धनीको नाम : हुलास अटो क्राफ्ट**
**ऋणीको नाम: कुमार तामाङ**
**बाइक नं.: बा.प्र.-०२-०५६ प ०७८०**
**च्यासिस नं.: MD2A13EXXRCD 81633**
**इन्जिन नं. : DKXCRC26435**
**ठेगाना : शिवपुरी गा.पा.वडा नं.५, महाकाली, नुवाकोट**
**सम्पर्क नं. ९८५१३५१६२८**

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १४५ भदौ ३० गते २०८३ मा प्रकाशित All Skills International Human Resource Pvt.ltd. को युएई देशमा Seattle International Services कम्पनीद्वारा माग गरिएको Lot No. 347549 को विज्ञापनमा प्रत्येक कामदारको **महिला संख्या नहुनुपर्ने**मा अन्यथा हुन गएकोले सच्याइएको व्यहोरा अनुरोध छ ।

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-3, Basundhara, Kathmandu, Nepal, Tel +977-1-4989541-4989542, Shiva Subedi (986-9422479)
E-Mail : allskillsintl@gmail.com, allskillskishor@gmail.com, Website : www.allskillsintl.com

## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १३ अंक १४५ भदौ ३० गते २०८३ मा प्रकाशित **Workforce Services Pvt. Ltd.** को Lot No. 347736 को विज्ञापनमा कम्पनीको नाम Mudain Al-mustaghebel For Energy हुनुपर्नेमा भूलवस अन्यथा हुन गएकोले सच्याइएको जानकारी गराइन्छ ।

WORKFORCE SERVICES PVT. LTD.
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## युएइमा रोजगार

कम्पनी : FAST FIXER BUILDING MAINTENANCE
पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 347776 | चलानी नं. ६०२६१०२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Cleaner | 3 | 0 | 1500 | ६१,०६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | External Building Cleaner (Irata Level 1 & 2) | 3 | 0 | 1500 | ६१,०६९ | | | | | | | |
| 3. | Labourer Building Worker | 3 | 0 | 1500 | ६१,०६९ | | | | | | | |
| 4. | Marine (Ship) Engineer | 1 | 0 | 6000 | २,४४,२७६ | | | | | | | |
| 5. | Ship Electrician | 1 | 0 | 1500 | ६१,०६९ | | | | | | | |
| 6. | Window Cleaner | 2 | 0 | 1500 | ६१,०६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ गते (23th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७०५/०६३/०६४
STUPA OVERSEAS SERVICES PVT. LTD.
New Baneshwor-34, Kathmandu, Nepal. Tel: 01- 4533418,
Jhal Nath Chamlagain (Contact No. 9707570238), E-mail: info@stupaoverseas.com, URL: www.stupaoverseas.com

## कुवेतमा रोजगारको अवसर

Free Visa!! Free Ticket!!

कम्पनी : RAZMATAZ GENERAL TRADING COMPANY
पूर्व स्वीकृति मिति : २०८२/०९/११ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 336001 | चलानी नं. ६०२४९६७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steward | 2 | 0 | 110 | ५४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450,
Tribhuban Sen Mobile No. 9767659355, E-mail : apply@vnvnepal.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७

## कुवेतमा रोजगार

कम्पनी : SWAIKHAT ON THE GRILL RESTAURANT COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 347747 | चलानी नं. ६०२६१०७०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ASSISTANT COOK | 3 | 0 | 150 | ७४,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १६६९/०८०/०८१
ASLIYA MANPOWER SUPPLY PVT. LTD.
Kathmandu Metropolitan City-9, Gairigaun, Bagmati Province, Phone No. 9843148012, 9707934456

## पृथक बचत तथा ऋण सहकारी संस्था लि.

**प्रधान कार्यालय : कोटेश्वर-३२, काठमाडौं, फोन नं ०१-४६११६९२**
**सेवा केन्द्र : कागेश्वरी मनोहरा-९, सनराइज चोक, काठमाडौं फोन नं ०१-५९१०५११**

## गोप्य शिलबन्दी बोलपत्रद्धारा धितो लिलाम बिक्री सम्बन्धी १५ दिने अत्यन्त जरूरी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०५/३१**

यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको सांवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी मिति २०८३/०४/२२ गते प्रथम पटक ३५ दिने सूचना प्रकाशित गरीएकोमा उक्तः सूचनाको म्याद भित्र समेत ऋणीले कर्जा चुक्ता नगरेको तथा लिलाम बिक्रि हुन समेत नसकेको हुँदा पुनः यो १५ दिने धितो लिलामी सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम १५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं । अन्यथा सूचना प्रकाशित भएको १६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा ऋणीले समेत आफुले लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम विक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संस्था आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ । धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन । साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी संस्था तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समाबेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**तपशिल**

| ऋणीको विवरण | ऋणीको तस्विर | धनजमानी | धितो विवरण |
|---|---|---|---|
| **नाम : कल्पना अधिकारी सुवेदी**<br>बुवा : बाबु राम अधिकारी<br>बाजे : जयपति अधिकारी<br>ना.प्र.नं : ७२८४०/२११०१७<br>मिति : २०५४/०७/२४<br>कर्जा शिर्षक : व्यापार<br>स्थायी ठेगाना : साँघुटार-०८, रामेछाप<br>हालको ठेगाना : काठमाण्डौ-३२, कोटेश्वर |  | श्री पदम लाल सुवेदी को नाति श्री ङणु राज सुवेदीको छोरा रामेछाप न.पा साँघुटार-०८ घर भई हाल काठमाडौं न.पा कोटेश्वर-३२,मा बस्ने वर्ष ५० को श्री उत्तम प्रसाद सुवेदी<br>ना.प्र.नं २५७३६-२११०१७<br>मिति २०५१/०९/०७ जि.प्र.का. रामेछाप | कल्पना अधिकारी सुवेदीको नाममा भक्तपुर मालपोत कार्यालयमा दर्ता श्रेष्ता कायम रहेको भक्तपुर ताथली वडा नं ८ स्थित कित्ता नं १४३६, क्षेत्रफल ०-५-०-१ रोपनी १६०.९४ वर्ग.मि को जग्गाले चर्चेको लिग लगापात समेत । |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरू :**

१. बोलपत्र फारम यस पृथक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रू १०००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण ३. यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ । उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ । अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ । बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको सिटिजन्स बैंकको कोटेश्वर शाखामा रहेको खाता नं. ००९०१००००५१४२०१ मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्युनतम मुल्याकंन सम्बन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गनु अगाबै यस संस्थाको कार्यालय कोटेश्वरमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अवस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ । साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ । नामसारी गर्दा लाग्ने दस्तुर, पुँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन ।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ ।
बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ ।
८. बोलपत्र सदर बदर हुनु अगाबै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ । धरौटी स्वरूप राखेको रकममा ब्याज दाबी गर्न पाईनेछैन ।
९. उल्लेखित धितोपत्रहरूका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ ।
१०. लिलाम सूचना प्रकाशित भएको मितीले १५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ । उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ ।
११. लिलाम सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संस्थाको कार्यालय कोटेश्वर, काठमाण्डौमा बोलपत्र खोलिनेछ । यदि १६ औ दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ । १५ दिन सम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने ब्यक्ति वा नीजको प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन ।

## कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने अत्यन्त जरुरी सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०५/३१

यस संघबाट तपसिलमा उल्लेखित ऋणी सदस्य संस्थाहरुले विभिन्न मितिमा लिएको कर्जाको साँवा, व्याज र हर्जाना रकम लिखत शर्त बमोजिम तोकिएको भाखा म्याद भित्र तिर्नु बुझाउनु पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरुको उल्लंघन गरेकोले सो सम्बन्धमा बारम्बार मौखिक एवं लिखित पत्रद्धारा ताकेता गर्दा समेत ऋणी संस्था, धितोदाता एवं जमानीकर्ता ऋणी संस्थाका संचालक समितिका पदाधिकारी तथा सदस्यहरुले तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, व्याज र हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्नेतर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संघलाई तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जाना तथा लागेको दैदस्तुर समेत एकमुष्ट चुक्ता फछ्र्यौट गर्नु हुन सम्बन्धित ऋणी संस्था, धितोदाता एवं जमानीकर्ता ऋणी संस्थाका संचालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई सूचित गरिन्छ । सो म्यादभित्र कर्जाको सम्पूर्ण बक्यौता रकम चुक्ता फर्छ्यौट नगरेमा ऋण लिंदा यस संघलाई लेखाई दिएको धितो सम्पत्ति लिलाम बिक्री गरी संघको लेना रकम असुल उपर गरिने समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । कथंकदाचित उक्त धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम असुल उपर भई ऋण बाँकी रहन गएमा वा विनाधितो ऋण रहेकोमा ऋणी संस्था तथा जमानत दिने ऋणी संस्थाका संचालक समितिका पदाधिकारी र सदस्यहरुको आफ्नै नाउँमा रहेको वा निजको हकलाग्ने एकासंगोलको परिवारको नाउँमा रहेको अन्य चलअचल सम्पत्ति समेतबाट सहकारी ऐन, नियमावली, संघको विनियम, नीति तथा प्रचलित कानुन बमोजिम लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी संघको लेना रकम असुल उपर गरिलिने तथा ऋणी संस्था, धितोदाता एवं जमानीकर्ता ऋणी संस्थाका संचालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई कालो सूचीमा समावेश गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा ऋणी संस्था, धितोदाता, जमानीकर्ता ऋणी संस्थाका संचालक समितिको पदाधिकारी एवं सदस्यहरु सम्बद्ध सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ ।

तपसिल

१) ऋणी संस्थाको विवरण

| कर्जा नं र शिर्षक: | नाम, ठेगाना | दर्ता नं. | स्थायी लेखा नम्बर |
|---|---|---|---|
| ०१-६९००००७ र तरलता व्यवस्थापन ऋण(१ वर्षे) | भक्तपुर पर्यटन विकास बचत तथा ऋण सहकारी संस्था लि, साविक भ.न.पा.वडा नं.११, हाल भ.न.पा.वडा नं.४, भक्तपुर | ४८८/०६७/६८ दर्ता: साविक डिभिजन सहकारी कार्यालय, भक्तपुर | ३०४५०९८३६ |

१.१ जमानीकर्ता संचालक समितिको विवरण

| क्र. सं. | पद | नाम | नागरिकता नं. | ठेगाना | बाजेको नाम: | बाबुको नाम: |
|---|---|---|---|---|---|---|
| १ | अध्यक्ष | नवल किशोर राजभण्डारी | ८५९४ | साविक भ.न.पा.वडा नं.१२ हाल भ.न.पा.वडा नं.४ | इन्द्र बहादुर | कृष्ण विनोद |
| २ | उपाध्यक्ष | मनिका धौभडेल | १/५७५ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा.वडा नं.५ | दिर्घ नारायण | चन्द्र प्रसाद |
| ३ | सचिव | ज्ञानेन्द्र नाथ कायष्ठ | ४८८/०३१/३२ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा.वडा नं.५ | मुक्तिनाथ | रघुनाथ |
| ४ | कोषाध्यक्ष | श्रीधर लाल पक्वान | ११६१/०३५/३६ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा.वडा नं.५ | मोहन लाल | गोविन्द लाल |
| ५ | सदस्य | हरि शंखर याँचा | ७४७६ | साविक भक्तपुर न.पा.वडा नं.११ हाल भ.न.पा..वडा नं.५ | पुण्य दास | माधवजी |
| ६ | सदस्य | सुरेश श्रेष्ठ | ४७२८/६८९५ | साविक सुनसरी जिल्ला धरान वडा नं.४ हाल साविक भ.न.पा.वडा नं.११ | हरिकृष्ण | सूर्यभक्त |
| ७ | सदस्य | पुरुषोत्तम ताम्राकार | २९/०१/७०/०२३०२ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा.वडा नं.५ | हेरा बहादुर | गौरी शंकर |
| ८ | सदस्य | मंगल लक्ष्मी शाही | १/२७१ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा.वडा नं.५ | जित बहादुर | विकुलाल |
| ९ | सदस्य | सरिता दर्शनधारी | १८४४० | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा.वडा नं.५ | आशलाल | कृष्ण बहादुर |
| १० | व्यवस्थापक | कल्पना खयरगोली | १५४२७ | साविक भ.न.पा.वडा नं. हाल भ.न.पा.वडा नं.९ | विकु बहादुर | विकुलाल |

१.२ धित्तोको विवरण

| क्र. सं | जग्गा धनीको नाम | नागरिकता नं. | ठेगाना | बाजेको नाम: | बाबुको नाम: | धित्तो विवरण: ठेगाना | कि.नं. | क्षे.फ. | न.सि.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुषोत्तम ताम्राकार | २९/०१/७०/०२३०२ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा. वडा नं.५ | हेरा बहादुर | गौरी शंकर | काभ्रेपलाञ्चोक, मंगलटार, वडा नं.१ | ८४७, ८५०, १०४५ | १-१०-३-०, १-१२-१-३, १-५-२-० (रोपनी) | १ (क) |
| २ | पुरुषोत्तम ताम्राकार | २९/०१/७०/०२३०२ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा. वडा नं.५ | हेरा बहादुर | गौरी शंकर | काभ्रेपलाञ्चोक, नाल्दुम बालुवापाटी, वडा नं.३ | ५७८, ४८९, ५७९, ८७६ | ५-११-०-०, १४-०-३-०, १४-११-३-०, ४-६-०-० (रोपनी) | ३ |
| | श्रीधर लाल पक्वान | ११६१/०३५/३६ | साविक भ.न.पा.वडा नं.११ हाल भ.न.पा. वडा नं.५ | मोहन लाल | गोविन्द लाल | | | | |

२) ऋणी संस्थाको विवरण

| कर्जा नं र शिर्षक: | नाम, ठेगाना | दर्ता नं. | स्थायी लेखा नम्बर |
|---|---|---|---|
| क) ०२-६८०००००२(विशेष ऋण)<br>ख) ०२-६९००००९(तरलता व्यवस्थापन)<br>ग) ०२-६०००११२(दिर्घकालीन ऋण) | सागबारी बचत तथा ऋण सहकारी संस्था लि, साविक मथिनपा १५, कौशल्टार हाल म.थि.न.पा.वडा नं.३, भक्तपुर | ५८१(४६२) २०६६/६७ दर्ता: साविक डिभिजन सहकारी कार्यालय, भक्तपुर | ३०४२९४९२९ |

२.१ जमानीकर्ता संचालक समितिको विवरण

| क्र.सं. | पद | नाम | नागरिकता नं. | ठेगाना | बाजेको नाम | बाबुको नाम: |
|---|---|---|---|---|---|---|
| १ | का.वा.अध्यक्ष | बालकृष्ण कुट | ८५५३ | साविक म.थि.न.पा.वडा नं.१५ | मान बहादुर | कृष्ण बहादुर |
| २ | सचिव | राजु मुस्याख्वा | १६३५६ | साविक म.थि.न.पा.वडा नं.१२ | आशालाल | पञ्चलाल |
| ३ | कोषाध्यक्ष | रत्नहरि कुटु | १९६१७ | साविक म.थि.न.पा.वडा नं.१५ | काजीलाल | गणेशमान |
| ४ | सदस्य | राजकुमार कुटु | ७९३३ | साविक म.थि.न.पा.वडा नं.२ | बुद्धीनारा | अष्टकुमार |
| ५ | सदस्य | भाईराम प्याथ | ११/५८२० | साविक बालकोट गाविस.वडा नं.८ | आशा नारायण | जुजुमान |
| ६ | सदस्य | नारायणकृष्ण प्रजापति | ७८६४ | साविक बालकुमारी गाविस वडा नं.८ | रत्न बहादुर | दान बहादुर |
| ७ | व्यवस्थापक | सुन्दर कुटु | १८६७५ | साविक म.थि.न.पा.वडा नं.१५ | काजीलाल | गणेशमान |

२.२ धित्तोको विवरण

| क्र.सं | जग्गा धनीको नाम | ना.नं. | ठेगाना | बाजेको नाम: | बाबुको नाम: | धित्तो विवरण: ठेगाना | कि.नं. | क्षे.फ. | न.सि.नं |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | गणेश लाल श्रेष्ठ | २३८/०२९-३० | साविक बालकोट गाविस वडा नं.५ | कृष्ण बहादुर | गणेश बहादुर | साविक बालकोट गाविस वडा नं.५ | २३०१ २३०३ | ०-४-३-०, ०-२-३-० | ५ |
| २ | बालकृष्ण कुटु | ८५५३ | साविक म.थि.न.पा. वडा नं.१५ | मान बहादुर | कृष्ण बहादुर | साविक म.थि. न.पा.वडा नं.१५ | ५३० | ०-०-०-० (१०२.४० बर्ग मिटर) | १०२१२ २९०१ |

**यस सम्बन्धी विस्तृत जानकारीका लागि :**
**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
सूर्यविनायक नगरपालिका वडा नं ८,भक्तपुर
इमेल ठेगाना: bktsaccu@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बाढीप्रभावित बालबालिका जोगाऔं

भदौ १० गतेको भोटेकोशी–त्रिशूली बाढीमा एक हजारभन्दा बढी बालबालिका प्रभावित बनेका छन् । त्यसमध्ये सयभन्दा बढीले बुवाआमा दुवै गुमाएका छन् । केहीले बुवा वा आमा गुमाएका छन् । धन सम्पत्ति गुमाएका परिवारका बालबालिकाको संख्या ५०० भन्दा बढी छ ।

यी बालबालिका अहिले सबैभन्दा असुरक्षित देखिएका छन् । उनीहरूलाई विभिन्न स्थानीय सरकारदेखि संस्थाहरूले जिम्मा लिने र पढाउने वचन दिइरहेका छन् । कक्षा १२ सम्म निःशुल्क पढ्न पाउनुपर्ने हरेक बालबालिकाको मौलिक अधिकार नै हो । तर भविष्यको चिन्ता र झणझट हुनसक्ने कारण देखाउँदै अभिभावक र निकट व्यक्तिहरूले बालबालिकालाई यस्ता संस्थालाई जिम्मा लगाउने गर्छन् ।

झट्ट हेर्दा बालबालिकालाई पढाउन लैजानु राम्रो देखिए पनि दीर्घकालीनरूपमा यसले गम्भीर असर पार्छ । एक त ती बालबालिकालाई जिम्मा लिनेहरूले भावी श्रमिकका रूपमा हेर्छ । उसलाई पढाइसँगै श्रम शोषणसमेत गर्ने गर्छ । एक–एक गरी बाँडिने ती बालबालिकाको अवस्था नियमन गर्ने सरकारी संरचना छैन । अभिभावकले आफ्नै जीविकोपार्जनका क्रममा ती बालबालिकाबारे सोच्न पाउँदैनन् ।

त्यसैले यस्ता बालबालिकाकाका लागि स्थानीयस्तरमै राख्नुपर्छ । यसका लागि स्थानीय सरकार र संघीय सरकार मिलेर विशेष खालको विद्यालय सञ्चालनमा ल्याउनुपर्छ । अभिभावक गुमाएका बालबालिकालाई पढाउन उनीहरूका मामा–माइजु/काका–काकीलाई नै शिक्षकका रूपमा भर्ती गराउन सकिन्छ । उनीहरूलाई आफ्नै भाषा र आफ्नै संस्कृतिमा हुर्किनका लागि त्यस्तै वातावरण तयार विद्यालयमा गर्नुपर्छ । नेपालमा एसओएस बालग्राम यसको उदाहरण हो ।

तत्काल उनीहरूले के गर्ने कसो गर्ने केही सोच्न सक्दैनन् । ती बालबालिकाका लागि सुरक्षित ओत, खाना, निःशुल्क शिक्षा र कपडामात्र पर्याप्त हुँदैन । अभिभावक गुमाएका र सम्पर्कविहीन भएका बालबालिकामा डर, मानसिक तनाव र असुरक्षाको भावना तीव्ररूपमा बढेको हुनछ । त्यसैले यस्तो विद्यालय स्थापना गरी उनीहरूलाई मनोसामाजिक परामर्श, बालमैत्री संवाद र खेलकुदजस्ता अत्यावश्यक वातावरणको सिर्जना गर्नुपर्छ ।

अहिले अभिभावक गुमाएका कतिपय बालबालिका अस्थायी शिविरमै भेटिएका छैनन् । बालबालिका कुनै पनि राष्ट्रको वर्तमान र भविष्य दुवै हुन् । संकटको घडीमा उनीहरूको हक अधिकारको संरक्षण गर्नु र विशेष संरक्षण प्रदान गर्नु नेपाल सरकारको संवैधानिक र नैतिक दायित्व हो । हराइरहेका वा होल्डिङ सेन्टरमा नभेटिएका सम्पूर्ण बालबालिकाको यथाशीघ्र खोजी गरी एकीकृत तथ्यांक तयार गरियोस् । बालबालिका बेचबिखन वा हिंसामा पर्न नदिन कडा निगरानी र सुरक्षा संयन्त्र परिचालन गरेर सरकारले अभिभावकीय दायित्व निभाओस् । उनीहरूलाई संघसंस्थाबीच भागबण्डा लगाउनबाट रोकियोस् ।

## श्रम सरोकार

# नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन-कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# एलपी ग्यासको अभावले निम्त्याएको आक्रोश



आरपी गैरे

> नागरिकलाई भविष्यको ठूलो सपना देखाउनुभन्दा पहिले आजको भान्सामा आगो बाल्ने व्यवस्था गर्नुपर्छ । सरकारको प्राथमिकता नागरिकको आधारभूत आवश्यकता हुनुपर्छ । नागरिक भोकै बसेर विकासको भाषण सुन्न तयार हुँदैन । एउटी आमाले छोराछोरीका लागि खाना पकाउन ग्यास खोजिरहेकी छन् भने उनका लागि त्यो क्षणमा देशको ठूलो विकास परियोजनाभन्दा ग्यासको एउटा सिलिण्डर महत्त्वपूर्ण हुन्छ । एउटा विद्यार्थी छात्रावासमा खाना नपाएर बसिरहेको छ भने उसका लागि सरकारी उपलब्धिको तथ्यांकभन्दा एउटा तातो खाना महत्त्वपूर्ण हुन्छ ।

सरकार गठन भएको छ महिना पनि पूरा नहुँदै जनताको आशा र भरोसाको जगमा उभिएको सरकारले लोकप्रियता गुमाउन थालेको छ । जुन सरकारप्रति नागरिकले असाधारण अपेक्षा राखेका थिए, आज त्यही सरकार चौतर्फी प्रश्न, आलोचना र असन्तुष्टिको घेराबन्दीमा उभिएको छ । परिवर्तनको आशा बोकेर मत दिएका नागरिकले सरकारबाट परिणाम खोजेका थिए, सहज जीवन खोजेका थिए, थप सास्ती होइन; सुशासन खोजेका थिए, नयाँ शैलीको बेथिति होइन । तर सरकार गठनपछिका केही महिनाले जनताको अपेक्षा र सरकारको कार्यक्षमताबीच ठूलो खाडल देखाइदिएको छ ।

प्राकृतिक विपत्ति सरकारको इच्छाले आउने वा जाने विषय होइन । भोटेकोशी-त्रिशूली क्षेत्रमा आएको बाढी, पहिरो तथा त्यसले पुऱ्याएको क्षतिलाई सरकारको असफलताको सूचकमात्र बनाएर हेर्न मिल्दैन । प्रकृतिका अगाडि संसारकै शक्तिशाली सरकार पनि कतिपय अवस्थामा निरीह बन्न पुग्छ । तर विपत्तिपछि नागरिकलाई राहत दिनु, अत्यावश्यक वस्तुको आपूर्ति नियमित गर्नु, बजारमा कृत्रिम अभाव हुन नदिनु र संकटको व्यवस्थापन गर्नु भने सरकारकै जिम्मेवारी हो । विपत्ति आफैं सरकारको दोष होइन, तर विपत्तिपछि सिर्जना भएको अव्यवस्था र नागरिकले भोग्नुपरेको थप सास्तीलाई सरकारको व्यवस्थापकीय क्षमतासँग जोडेर प्रश्न गर्नैपर्छ ।

अहिले त्यही प्रश्न सबैभन्दा ठूलो रूपमा खाना पकाउने एलपी ग्यासको अभावले उठाइरहेको छ । राजधानीका सडक, चोक र ग्यास डिपो अगाडि खाली सिलिण्डर बोकेर बसेका नागरिकका लामालामा लाइनले सरकारको दाबी र नागरिकको वास्तविक जीवनबीचको दूरी देखाइरहेको छ । घरमा ग्यास छैन । यस्तो अवस्था कुनै सामान्य असुविधा होइन । यो नागरिकको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकताको संकट हो । खाना पकाउने इन्धनको अभावमा नागरिकले भोकै बस्नुपर्ने परिस्थिति आउनु राज्यका लागि गम्भीर चेतावनी हो ।

अझ विडम्बना त के छ भने यो सरकारलाई काम गर्न कसैले अवरोध गरेको अवस्था छैन । राष्ट्रिय स्वतन्त्र पार्टीको एकलौटी सरकार छ । संसद्मा निर्णय गर्न अरू दलको मुख ताक्नुपर्ने अवस्था छैन । आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गठबन्धनको दबाब छैन, सत्ता टिकाउन निरन्तर सम्झौता गर्नुपर्ने बाध्यता छैन । जनताले दिएको बलियो जनादेशको सबैभन्दा ठूलो अर्थ यही हो- अब सरकारसँग बहाना बनाउने ठाउँ कम छ । त्यसैले सरकारको सफलता वा असफलताको जिम्मेवारी पनि उसैले लिनुपर्छ ।

जनताले नयाँ राजनीतिक शक्तिलाई मत दिँदा शासन गर्ने तरिका परिवर्तन हुने अपेक्षा गरेका थिए । पुराना दलप्रतिको वितृष्णा, भ्रष्टाचारप्रतिको आक्रोश, प्रशासनिक बेथितिप्रतिको असन्तुष्टि र राजनीतिक नेतृत्वप्रतिको निराशाबाट जन्मिएको मत थियो त्यो । नागरिकले सोचेका थिए- अब निर्णय छिटो हुने छ, काम देखिने छ, बजार व्यवस्थित हुने छ, शिक्षा र स्वास्थ्यमा सुधार आउने छ, यातायातको अराजकता अन्त्य हुने छ, रोजगारीका अवसर बढ्ने छन् र सरकार नागरिकको घरदैलोको समस्या बुझ्ने छ । तर आज प्रश्न उठ्न थालेको छ- राजनीतिक अनुहार फेरिए पनि शासन गर्ने शैली फेरिएको छ त ?

महँगीले नागरिकको भान्सासम्मै प्रभाव पारेको छ । दैनिक उपभोगका वस्तुमा करको भार थपिँदै जाँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारणको आम्दानीमा परेको छ । नागरिकको आम्दानी बढेको छैन तर खर्च बढिरहेको छ । एउटा परिवारले शिक्षा, स्वास्थ्य, यातायात, खाद्यान्न, विद्युत्, इन्धन र घरभाडाजस्ता आधारभूत आवश्यकतामै ठूलो हिस्सा खर्च गर्नुपरेको छ । यस्तो अवस्थामा सरकारको कर नीति नागरिकलाई थप भार बोकाउनेमात्र भयो भने त्यसको प्रतिफलस्वरूप राज्यले नागरिकलाई के दिएको छ भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।


सरकार सञ्चालन गर्न राजस्व आवश्यक हुन्छ । राज्य चलाउन कर उठाउनुपर्छ । तर कर उठाउनुको उद्देश्य राज्यको खर्च धान्नुमात्र होइन, नागरिकलाई गुणस्तरीय सेवा दिनु पनि हो । नागरिकले कर तिरेर बदलामा सहज सार्वजनिक सेवा, सुरक्षित वातावरण, भरपर्दो स्वास्थ्य, गुणस्तरीय शिक्षा, व्यवस्थित यातायात र अत्यावश्यक वस्तुको नियमित आपूर्ति अपेक्षा गर्छ । यदि कर बढ्दै जाने तर सेवा खस्किँदै जाने हो भने करप्रतिको नागरिकको विश्वास पनि कमजोर हुन्छ । राज्यले नागरिकलाई कर तिर्न बाध्य पार्न सक्छ, तर राज्यप्रतिको भरोसा करको आदेशले होइन, परिणामले निर्माण हुन्छ ।

शिक्षा क्षेत्रमा पनि सुधारको ठूलो अपेक्षा थियो । निजी विद्यालयदेखि सरकारी शिक्षासम्मका अनेक समस्या समाधान हुने आशा थियो । स्वास्थ्य क्षेत्रमा सर्वसाधारणले भोग्दै आएको महँगो उपचार, अस्पतालको मनपरी, औषधिको मूल्य र सेवाको असमानतामा सरकार गम्भीर बन्ने अपेक्षा गरिएको थियो । यातायातमा वर्षौंदेखि रहेको सिण्डिकेट, मनपरी भाडा, असुरक्षित यात्रा र अव्यवस्थित सार्वजनिक यातायातमा परिवर्तन आउने विश्वास थियो । तर जनताको अनुभवले त्यस्तो ठूलो परिवर्तन अझै महसुस गर्न सकेको छैन । बरु कतिपय क्षेत्रमा पुरानै विकृतिमाथि नयाँ विकृति थपिएको अनुभूति हुन थालेको छ ।

सरकारको सबैभन्दा ठूलो परीक्षा भाषणमा होइन, संकटको समयमा हुन्छ । सामान्य अवस्थामा त जुनसुकै सरकारले पनि आफ्नो सफलता देखाउन सक्छ । तर बजारमा अत्यावश्यक वस्तुको अभाव हुँदा, सडक अवरुद्ध हुँदा, विपत्ति आउँदा, अस्पतालमा बिरामीको चाप बढ्दा, नागरिकले राहत खोज्दा र भान्सामा आगो बाल्न इन्धन नहुँदा सरकारको वास्तविक क्षमता देखिन्छ । अहिले ग्यास संकटले सरकारको त्यही परीक्षा लिइरहेको छ । र नागरिकले सरकारको उत्तर खोजिरहेका छन ग्यास कहाँ छ ?

ग्यास उद्योगी, व्यवसायी, ढुवानीकर्ता वा कर्मचारीमध्ये कसैको समस्या छ भने त्यसको समाधान खोज्नु सरकारको काम हो । तर सरकार नै उद्योगी र व्यवसायीसँग लाचार देखिने अवस्था आयो भने नागरिकले कसलाई गुहार्ने ? बजारमा सिलिण्डर छैन भने त्यसको खोजी गर्ने जिम्मेवारी कसको हो ? आयात, ढुवानी, भण्डारण, वितरण र बिक्रीको सम्पूर्ण प्रणालीमा कहाँ समस्या आयो भनेर पत्ता लगाउने जिम्मेवारी कसको हो ? कालोबजारी भएको छ भने नियन्त्रण गर्ने निकाय कहाँ छ ? कृत्रिम अभाव सिर्जना गरिएको हो भने दोषीमाथि कारबाही गर्ने अधिकार कससँग छ ? यी सबै प्रश्नको उत्तर अन्ततः सरकारसँगै खोजिने हो ।

अहिले ग्यासको संकटले राजधानीका उपभोक्तालाई मात्र सताएको छैन । सहरमा पाइपलाइन वा वैकल्पिक इन्धनका केही विकल्प हुन सक्छन्, तर गाउँमा पनि पछिल्ला वर्षहरूमा एलपी ग्यासको प्रयोग तीव्ररूपमा बढेको छ । दाउरा र परम्परागत इन्धनबाट विस्तारै ग्याससमा सरेका ग्रामीण परिवार अहिले पुनः पुरानै विकल्पतिर फर्कन बाध्य हुन थालेका छन् । होटल, रेस्टुरेण्ट, चिया पसलदेखि विद्यालयका छात्रावाससम्म यसको असर पुगेको छ । ग्यास नहुँदा व्यापार बन्द हुने अवस्था छ, विद्यार्थीको खाना प्रभावित भएको छ र परिवारको दैनिक जीवन अस्तव्यस्त भएको छ ।




*एआईको सहयोगमा तयार पारिएको प्रतिकात्मक तस्बिर*

खाना पकाउने ग्यासको अभावले एउटा अर्को गम्भीर प्रश्न पनि जन्माएको छ- हामीले विकास र आधुनिकताको नाममा वैकल्पिक ऊर्जा प्रणालीलाई किन कमजोर बनायौं ? गाउँमा ग्यास पुग्नु आफैंमा सकारात्मक परिवर्तन थियो, तर त्यससँगै दाउरा, विद्युतीय चुलो, बायोग्यास र अन्य वैकल्पिक ऊर्जाको पहुँचलाई समानरूपमा बलियो बनाउन नसक्नु दीर्घकालीन कमजोरी हो । एउटामात्र आपूर्ति प्रणालीमा अत्यधिक निर्भर हुँदा प्राकृतिक विपत्ति वा सडक अवरोधले सम्पूर्ण देशको भान्सा प्रभावित हुन सक्छ । त्यसैले तत्काल ग्यास आपूर्ति सहज बनाउनुका साथै सरकारले दीर्घकालीन ऊर्जा सुरक्षा नीतिसमेत बनाउन आवश्यक छ ।

तर अहिले तत्कालको आवश्यकता नीति निर्माणभन्दा पनि चुलो बाल्ने ग्यास हो । नागरिकलाई भविष्यको ठूलो सपना देखाउनुभन्दा पहिले आजको भान्सामा आगो बाल्ने व्यवस्था गर्नुपर्छ । सरकारको प्राथमिकता नागरिकको आधारभूत आवश्यकता हुनुपर्छ । नागरिक भोकै बसेर विकासको भाषण सुन्न तयार हुँदैन । एउटी आमाले छोराछोरीका लागि खाना पकाउन ग्यास खोजिरहेकी छन् भने उनका लागि त्यो क्षणमा देशको ठूलो विकास परियोजनाभन्दा ग्यासको एउटा सिलिण्डर महत्त्वपूर्ण हुन्छ । एउटा विद्यार्थी छात्रावासमा खाना नपाएर बसिरहेको छ भने उसका लागि सरकारी उपलब्धिको तथ्यांकभन्दा एउटा तातो खाना महत्त्वपूर्ण हुन्छ ।

सरकारको लोकप्रियता सामाजिक सञ्जालका प्रचार, भाषण, उद्घाटन र घोषणाले टिक्दैन । लोकप्रियता नागरिकको अनुभवबाट निर्माण हुन्छ । नागरिकले अस्पतालमा सहज उपचार पायो कि पाएन, बच्चाले राम्रो शिक्षा पायो कि पाएन, बसमा सुरक्षित यात्रा गर्न पायो कि पाएन, बजारमा उचित मूल्यमा सामान पायो कि पाएन, रोजगारीको अवसर पायो कि पाएन र संकट पर्दा राज्य आफ्नो साथमा उभिएको महसुस गऱ्यो कि गरेन- लोकप्रियताको वास्तविक मापन यही हो ।

आज खाली सिलिण्डर बोकेर सडकमा उभिएको नागरिक केवल ग्यास मागिरहेको छैन । उसले सरकारसँग आफ्नो अधिकार मागिरहेको छ । उसले राज्यले आफ्नो आधारभूत आवश्यकता पूरा गर्न सक्छ कि सक्दैन भनेर प्रश्न गरिरहेको छ । खाली सिलिण्डर आफैंमा सरकारविरुद्धको एउटा मौन प्रतीक बन्न थालेको छ । यो सिलिण्डर भान्सा र राज्यबीचको सम्बन्धको प्रतीक हो । भान्सा निभ्यो भने सरकारको चमकदार प्रचारले नागरिकको पेट भरिँदैन ।

अझ गम्भीर कुरा, यस्तो संकट लामो समयसम्म रहयो भने यसको प्रभाव अर्थतन्त्रको धेरै तहमा पुग्छ । होटल तथा रेस्टुरेण्ट बन्द हुँदा रोजगारी प्रभावित हुन्छ । विद्यालयका छात्रावास प्रभावित हुँदा विद्यार्थीको अध्ययनमा असर पर्छ । साना व्यवसाय बन्द हुँदा दैनिक ज्यालादारीमा निर्भर परिवारको आम्दानी रोकिन्छ । खाना पकाउने खर्च बढ्दा परिवारको बजेट बिग्रन्छ । कालोबजारी बढ्दा महँगी थपिन्छ । यसरी एउटा सिलिण्डरको अभाव विस्तारै समग्र अर्थतन्त्रको समस्या बन्न सक्छ ।

त्यसैले सरकार अब आरोप-प्रत्यारोपमा अल्झिने होइन, तत्काल परिणाम देखाउने अवस्थामा पुग्नुपर्छ । आपूर्ति प्रणाली कहाँ रोकिएको छ भनेर स्पष्ट गर्नुपर्छ । आवश्यक परे वैकल्पिक मार्गबाट ग्यास ल्याउनुपर्छ । ढुवानीका साधनलाई प्राथमिकता दिनुपर्छ । उद्योगी-व्यवसायीसँग वार्ता गरेर समाधान खोज्नुपर्छ । कालोबजारी र कृत्रिम अभाव नियन्त्रण गर्न बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्छ । ग्यासको वास्तविक मौज्दात, आयात र वितरणबारे नागरिकलाई पारदर्शी सूचना दिनुपर्छ । संकट व्यवस्थापनमा सरकारको पहिलो आवश्यकता आदेश होइन, समन्वय र कार्यक्षमता हो ।

यो संकटले सरकारलाई एउटा महत्त्वपूर्ण पाठ पनि सिकाएको हुनुपर्छ-बलियो बहुमत भनेको बलियो सरकारको ग्यारेण्टी होइन । बहुमतले निर्णय गर्ने अधिकार दिन्छ, तर परिणाम दिने क्षमता आफैं दिँदैन । त्यसका लागि सक्षम प्रशासन, अनुभवी व्यवस्थापन, जिम्मेवार मन्त्री, प्रभावकारी संयन्त्र र संकटमा निर्णय लिन सक्ने नेतृत्व चाहिन्छ । राजनीतिक लोकप्रियता चुनाव जित्न पर्याप्त हुन सक्छ, तर राज्य सञ्चालन गर्न त्यसलेमात्र पुग्दैन ।

राष्ट्रिय स्वतन्त्र पार्टीले जनताबाट पाएको मत असन्तुष्टिको मतमात्र थिएन, आशाको मत पनि थियो । त्यसैले अहिलेको सरकारमाथिको आलोचना पनि सरकार गिराउने उद्देश्यलेमात्र आएको भनेर बुझ्नु गलत हुने छ । नागरिकको आलोचनाभित्र अझै ठूलो अपेक्षा लुकेको छ । सरकार सफल होस्, काम गरोस्, देश अघि बढोस् र जनताको जीवन सहज होस् भन्ने चाहना नै अहिलेको असन्तुष्टिको मूल कारण हो । सरकारप्रति आशा नभएको भए नागरिकले प्रश्न नै गर्दैनथे ।

सरकारले अब आफ्नो प्रारम्भिक लोकप्रियताको मोहबाट बाहिर निस्किएर वास्तविक शासनको कठिन बाटोमा हिँड्नुपर्ने बेला आएको छ । नागरिकलाई नयाँ नारा होइन, नयाँ परिणाम चाहिएको छ । पुराना दल असफल भए भनेर नयाँ शक्तिलाई मत दिएको नागरिकले नयाँ शक्तिबाट पनि उही पुरानो बहाना सुन्न चाहँदैन । जनताले परिवर्तनको मूल्य चुकाएका छन्, अब परिवर्तनको परिणाम खोजिरहेका छन् ।

# ऋषिपञ्चमी पर्व मनाएसँगै सकियो तीज

**काठमाडौं (प्रस)–** भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने ऋषि पञ्चमी मंगलबार हिन्दू नारीहरूले अरुन्धतीसहित सप्त ऋषिको विधिपूर्वक पूजा आराधना गरी मनाएका छन् ।

महिलाले सोमबार बिहानै उठेर नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३६५ वटा दत्तिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्ने गरेका छन् । बागमती, मनोहरा, रुद्रमतीलगायत नदी किनारको मुहान क्षेत्रमा स्नान गर्न सकिनेगरी पानी स्वच्छ भएकाले प्रत्येक वर्ष ऋषिपञ्चमीका दिन अपामार्गसहित विधिपूर्वक स्नान गर्न धेरै महिला गएका थिए ।



तस्बिर: रासस

रजस्वलाका समयमा छाइछुइलगायत कुनै त्रुटि भएको भए ऋषि पञ्चमीको दिन अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ । स्नान गरेपछि अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गरेका छन् । जसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ । सप्तऋषिको पूजा गर्ने पञ्चमी भएकैले आजको पञ्चमीलाई ऋषि पञ्चमी भनिएको हो ।

रजस्वला भएका बेलामा अरुलाई छोइछाई गर्दा महिलाको शरीरबाट निस्कने विकृत रजका कीटाणुले नराम्रा रोग निम्त्याउने र त्यसले गर्दा महिलालाई नै पाप लाग्ने भएकाले छुन नहुने र जानी नजानी छोइछाई भएमा यस दिनमा अरुन्धतीसहित सप्तऋषिको पूजा गर्नाले त्यस पापबाट मुक्त भइने धार्मिक विश्वास रहिआएकाले यस पर्वलाई वैज्ञानिक मान्नुपर्ने धर्मशास्त्रविद् प्रा.डा. देवमणि भट्टराई बताउँछन् ।

यस दिन स्नान गरी पूजाआजा गरेपछि नरोपी उम्रेका अन्न सामा, कागुनो, कन्दमूल र कर्कला आदि खाई एक छाक हविष्य बस्नुपर्ने व्रतविधि छ । प्रत्येक वर्ष ऋषिपञ्चमीका दिन काठमाडौंको टेकु, मूलपानीलगायत मुलुकभरका ऋषेश्वर मन्दिरमामा पूजाआजाका लागि श्रद्धालु महिला भक्तजनको भीड लाग्ने गर्छ । ऋषिपञ्चमीसँगै चार दिन लामो तीज पर्व पनि मंगलबारदेखि नै समापन भएको छ ।

# स्वनिगः विश्वविद्यालयको लक्ष्यमा महानगरपालिका

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले स्वनिगः क्याम्पसबाट उच्च शिक्षाका कार्यक्रम सञ्चालनबाट स्वनिगः विश्वविद्यालय स्थापनाको लक्ष्य हासिल गर्ने कार्यक्रम थालनी गरेको छ ।

अध्ययन गर्नका लागि आज काठमाडौं महानगरपालिकाकी कार्यवाहक प्रमुख सुनिता डंगोलले लुम्बिनी विश्वविद्यालयका उपकुलपति प्रा.डा. माणिकरत्न शाक्य र बागमती विश्वविद्यालयका अध्यक्ष प्रा.डा. चन्द्रमणि पौडेलसँग सम्झौतासमेत गरिसकेकी छन् । उक्त अध्ययन समितिले क्याम्पस सञ्चालनको सम्भाव्यता, उपयुक्त स्थानको पहिचान र लागत सहभागिता, सञ्चालन गर्न आवश्यक तथा उपयुक्त शैक्षिक कार्यक्रम, क्याम्पस सञ्चालन तथा व्यवस्थापनको संस्थागत प्रारूप, सहकार्य तथा साझेदारीको संरचना र सहभागिता, क्याम्पसको भौतिक पूर्वाधार, शैक्षिक कार्यक्रम, जनशक्ति व्यवस्थापन, प्राज्ञिक तथा गैरप्राज्ञिक प्रशासन, समन्वय, सहजीकरण, समुदायको पहुँच तथा आवश्यक स्रोतको व्यवस्थापनलगायत विषयमा अध्ययन गर्ने छ ।

पाठ्यक्रम निर्धारण, शैक्षिक सत्र, विद्यार्थी भर्ना, कोटा निर्धारण, परीक्षा, क्रेडिट, अनुसन्धान केन्द्र, गुणस्तर सुनिश्चितता, उपाधिसम्बन्धी प्राज्ञिक जिम्मेवारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय तथा प्राज्ञिक संस्थासँग सहकार्य तथा सम्बन्ध, अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन अधिकारका विषयमा अध्ययन सिफारिस गर्ने छ ।

कामपाको उच्च शिक्षा सञ्चालन व्यवस्थापन तथा कार्यक्रमका बारेमा सिफारिस गर्ने छ । यसका लागि तीन दिनभित्र सबै पक्षबाट दुई-दुई जना रहने अध्ययन समिति गठन गरिने छ । कामपा नगरसभाले आर्थिक वर्ष २०८३/८४ का लागि स्वीकृत गरेको नीतिअनुसार सञ्चालनमा रहेका विश्वविद्यालयसँग सहकार्य गरेर स्वनिगः क्याम्पस सञ्चालन गर्ने योजना अघि सारेको हो ।

सम्झौतापछि कार्यवाहक प्रमुख डंगोलले कामपा आफैंले स्वनिगः क्याम्पस स्थापना तथा सञ्चालन गरेर नेपाल सरकारसँग समन्वय गर्दै स्वनिगः विश्वविद्यालय सञ्चालनको यात्रा थालिएको बताइन् । 'हामीलाई काठमाडौं उपत्यकाको सहरी विकास, रैथाने ज्ञान तथा सीपको विज्ञान अध्ययन गरेर स्थानीय समस्याको स्थानीयस्तरमै समाधान दिनसक्ने जनशक्ति चाहिएको छ,' उनले भनिन् ।

त्यस क्रममा लुम्बिनी विश्वविद्यालयका उपकुलपति प्रा.डा. शाक्यले, अन्तरर्ाष्ट्रिय विद्यार्थीका लागि बौद्ध धर्मसम्बन्धी अध्ययन गर्न काठमाडौं उपयुक्त स्थान भएको बताए । 'काठमाडौंको भाषा, कला, संस्कार र संस्कृति तथा परम्परागत वास्तुकलाको अध्ययन गराउन आवश्यक थियो,' उनले भने ।

त्यस क्रममा व्यवस्थापन तथा कानुन संकायका डीन डा. शिवराज अधिकारीले, कामपाले छात्रवृत्ति प्रदान गरेर अन्तरराष्ट्रिय विद्यार्थी आकर्षित गर्नसक्ने सम्भावना प्रबल रहेको बताए । त्यसैगरी, लुम्बिनी विश्वविद्यालयका निर्देशक कुमार खड्काले, बौद्ध अध्ययनमार्फत काठमाडौं र नेपालका पहिचान अन्तर्राष्ट्रियस्तरमा लैजान काठमाडौं उपयुक्त स्थान भएको बताए । *रासस*

# 'डिजिटल पार्लियामेन्ट'को परीक्षण आजदेखि

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभा तथा सचिवालयका कामकारबाहीलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यले 'डिजिटल पार्लियामेन्ट'को परीक्षण आजदेखि सुरु गरिने भएको छ ।

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistance Chef | 15 | 0 | 150 | ७४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner I | 10 | 10 | 100 | ४९,४६४ | | | | | | | |
| 3. | COOK-DCDP | 15 | 0 | 150 | ७४,१९५ | | | | | | | |
| 4. | Dispatcher(indoor) | 0 | 10 | 130 | ६४,३०३ | | | | | | | |

कम्पनी : NACRE BEAUTY SALON FOR LADIES BEAUTY

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ LT. No. 347642 चलानी नं. ६०२६१०३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hair Dress/Hair Stylist | 0 | 3 | 150 | ७४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | MANICURE/PEDICURE | 0 | 3 | 150 | ७४,१९५ | | | | | | | |
| 3. | nail technicial(Manicurist/Pedicurist) | 0 | 3 | 150 | ७४,१९५ | | | | | | | |

कम्पनी : THE SPACE LADIES BEAUTY CENTRE -L.L.C

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ LT. No. 347815

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Masseur | 0 | 1 | 1500 | ६२,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com
Govt. License No. 1352/074/075

# व्यापार प्रणाली कमजोर भए विश्वको जिडिपी १० प्रतिशतसम्म घट्ने डब्ल्युटिओको चेतावनी




**जेनेभा–** विश्व व्यापार संगठन (डब्ल्युटिओ)ले विश्वव्यापी व्यापार प्रणालीलाई आधुनिकीकरण गर्न नसके बलियो बहुपक्षीय प्रणालीको तुलनामा सन् २०५० सम्म विश्वको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) १० प्रतिशतसम्म कम हुन सक्ने चेतावनी दिएको छ ।

डब्ल्युटिओको मंगलबार सार्वजनिक 'विश्व व्यापार प्रतिवेदन २०२६: विश्व व्यापार प्रणालीका लागि निर्णायक मोड' मा व्यापार नीतिले दशकौंयताकै गम्भीर र निरन्तर चुनौती सामना गरिरहेको उल्लेख गरिएको छ । प्रतिवेदनमा विगत ८० वर्षमा बहुपक्षीय व्यापार प्रणालीले हासिल गरेका उपलब्धि तथा वर्तमान चुनौतीको समीक्षा गरिएको छ ।

'बहुपक्षीय व्यापार प्रणालीले विगत ८० वर्षमा ठूलो लाभ प्रदान गरेको छ र अझ एकीकृत तथा लचिलो विश्व अर्थतन्त्र निर्माण गर्न सहयोग गरेको छ,' डब्ल्युटिओकी महानिर्देशक न्गोजी ओकोन्जो-इवेलाले भनिन् ।

उनका अनुसार विश्वव्यापी वस्तु व्यापारको करिब ७२ प्रतिशत हिस्सा अझै पनि डब्ल्युटिओको 'मोस्ट-फेभर्ड-नेसन' (सबैभन्दा बढी प्राथमिकता प्राप्त राष्ट्र) व्यवस्थाअन्तर्गत हुने गरेको छ ।

'विश्वव्यापी व्यापारको परिदृश्यमा उल्लेखनीय परिवर्तन आएको छ, तर यस प्रणाली स्थापनाको मूल मर्म-एकपक्षीय रूपमा काम गर्नुभन्दा सहकार्य गर्दा सबै अर्थतन्त्रलाई फाइदा हुन्छ भन्ने मान्यता आज पनि उत्तिकै सान्दर्भिक छ,' उनले भनिन् ।

डब्ल्युटिओ सदस्य राष्ट्रहरूले सुधारका विषयमा सक्रियरूपमा छलफल गरिरहेको र वर्तमान अवस्था यथावत् राख्नु विकल्प नभएको बुझेको पनि उनले बताइन् ।

प्रतिवेदनले विश्व व्यापार प्रणालीको भविष्यका तीन सम्भावित परिदृश्य प्रस्तुत गरेको छ । बलियो बहुपक्षीय प्रणाली कायम रहेमा आधारभूत प्रक्षेपणको तुलनामा सन् २०५० सम्म विश्वको जिडिपी २.९ प्रतिशत र निर्यात १७.९ प्रतिशतले बढ्न सक्ने अनुमान गरिएको छ ।

त्यसैगरी, बहुपक्षीय व्यापार नियम कमजोर हुँदै भू-राजनीतिक गुटमा आधारित व्यापारिक सहकार्य हुने अवस्थामा विश्वको जिडिपी ५.१ प्रतिशत र निर्यात १८.६ प्रतिशतले घट्न सक्ने प्रतिवेदनमा उल्लेख छ ।

बहुपक्षीय सहकार्यलाई स्वतन्त्र व्यापार सम्झौताको सञ्जालले प्रतिस्थापन गरेको अवस्थामा भने विश्वको जिडिपी ६.९ प्रतिशत र निर्यात २६.९ प्रतिशतले घट्न सक्ने अनुमान गरिएको छ ।

डब्ल्युटिओका प्रमुख अर्थशास्त्री रोबर्ट स्टाइगरका अनुसार बलियो बहुपक्षीय सहकार्य र व्यापार प्रणाली कमजोर हुने अवस्थाबीच विश्वको वास्तविक जिडिपीमा १० प्रतिशतसम्मको अन्तर पर्न सक्छ ।

प्रतिवेदनका अनुसार आठ दशकभन्दा लामो अवधिमा बहुपक्षीय व्यापार प्रणालीले व्यापारिक अवरोध घटाउन, विश्व व्यापारलाई झण्डै ५० गुणाले विस्तार गर्न तथा थप एकीकृत र नियममा आधारित विश्व अर्थतन्त्र निर्माण गर्न महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । *रासस/सिन्ह्वा*

# मेल-इन मतदान रोक्ने ट्रम्पको प्रयासमा सर्वोच्च अदालतको रोक

**वासिङ्टन–** अमेरिकी सर्वोच्च अदालतले राष्ट्रपति डोनाल्ड ट्रम्पले नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि मेल-इन मतदानमा प्रतिबन्ध लगाउने प्रयास तत्काल कार्यान्वयन गर्न नपाउने निर्णय गरेको छ । अदालतले प्रशासनले उक्त योजनामाथिको रोक हटाउन गरेको अनुरोध अस्वीकार गरेपछि लाखौं मतदाताको हुलाकमार्फत मतदान गर्ने अधिकार तत्काल कायम रहने भएको छ ।



नौ सदस्यीय अदालतका छ कन्जरभेटिभ न्यायाधीशमध्ये दुई जनाले निर्णयप्रति असहमति जनाएका थिए । न्यायाधीश ब्रेट काभानगले ट्रम्पको योजना भविष्यमा कानुनी हुन सक्ने भए पनि राज्य तथा स्थानीय निर्वाचन अधिकारीलाई निर्वाचनअघि त्यसलाई कार्यान्वयन गर्न पर्याप्त समय नरहेको बताए ।

ट्रम्पले मार्चमा मेल-इन मतदानमा प्रतिबन्ध लगाउने कार्यकारी आदेश जारी गरेका थिए । उनले कुनै ठोस प्रमाणविना हुलाकमार्फत हुने मतदानमा धाँधलीको जोखिम रहेको दाबी गरेका थिए । आदेशविरुद्ध डेमोक्रेटिक नेतृत्वका राज्यहरूले संविधानअनुसार निर्वाचन व्यवस्थापनमा राज्यको व्यापक अधिकार रहेको भन्दै अदालतमा चुनौती दिएका थिए ।

ट्रम्पको आदेशले योग्य मतदाताको सूची तयार गरी अमेरिकी हुलाक सेवा (युएसपिएस) लाई सूचीमा रहेका मतदातालाई मात्र मतपत्र उपलब्ध गराउन निर्देशन दिएको थियो । नर्थ क्यारोलिनासहित केही राज्यले मतदातालाई मेल-इन मतपत्र पठाउन थालिसकेकाले विभिन्न राज्यका अधिकारीले कानुनी अन्योलले निर्वाचन व्यवस्थापनमा अराजकता निम्तिन सक्ने चेतावनी दिएका थिए । अमेरिकन सिभिल लिबर्टिज युनियन (एसिएलयु) ले निर्णयलाई मतदान अधिकार, निर्वाचनको अखण्डता र लोकतन्त्रका लागि ठूलो विजय भनेको छ । एसिएलयुकी मतदान अधिकार परियोजनाकी निर्देशक सोफिया लिन ल्याकिनले राष्ट्रपतिले निर्वाचन सञ्चालन नगर्ने र अन्ततः नोभेम्बरको निर्वाचनको निर्णय मतदाताले गर्ने बताइन् ।

यसैबीच, अमेरिकी हुलाक सेवाका एक कर्मचारीले सेवाले प्रयोग गरिरहेको प्रणाली अव्यवस्थित र हतारमा तयार पारिएको भन्दै लाखौं मतदाताले मतपत्र प्राप्त गर्न नसक्ने चेतावनी दिएकी छन् । ट्रम्पले लामो समयदेखि मेल-इन मतदानको आलोचना गर्दै आए पनि यस वर्ष फ्लोरिडाको रिपब्लिकन प्राथमिक निर्वाचनमा आफैं हुलाकमार्फत मतदान गरेका थिए । उनले मेल-इन मतदानलाई सन् २०२० को राष्ट्रपति निर्वाचन डेमोक्रेट जो बाइडेनले आफूबाट चोरी गरेको भन्ने गलत दाबीसँग जोड्दै आएका छन् ।

सर्वेक्षणहरूले रिपब्लिकन पार्टीले नोभेम्बरको निर्वाचनमा कंग्रेस, विशेषगरी प्रतिनिधिसभामा रहेको आफ्नो साँघुरो बहुमत गुमाउने जोखिम देखाएका छन् । डेमोक्रेटहरू विजयी भएमा उनीहरूले ट्रम्पका नीतिगत योजना रोक्ने र उनविरुद्ध तेस्रोपटक महाभियोग प्रक्रिया अघि बढाउन सक्ने संकेत गरेका छन् । *रासस/एएफपी*

# हुथी आक्रमणमा साउदीको कडा चेतावनी

**साना–** दक्षिणी साउदी अरेबियामा हुथीहरूले ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोनबाट गरेको आक्रमणमा १३ जना सर्वसाधारण घाइते भएपछि साउदी नेतृत्वको गठबन्धनले हुथीविरुद्ध कडा कदम चाल्ने चेतावनी दिएको छ । गठबन्धनले देशको सार्वभौमिकता रक्षाका लागि आवश्यक सबै सैन्य उपाय अपनाउने बताएको छ ।

हुथीहरूले खामिस मुशैतस्थित राजा खालिद हवाई अड्डालाई दर्जनौं क्षेप्यास्त्र र ड्रोनबाट लक्षित गरेको दाबी गरेका छन् । साउदी पक्षले खामिस मुशैत, आभा र ताइफमा आक्रमण भएको पुष्टि गरेको छ । हुथीहरूका अनुसार साउदीले जवाफी रूपमा ५० भन्दा बढी हवाई हमला गरेको छ । पश्चिमी यमनमा भएको हुथी आक्रमणमा सरकारी सेनाका आठ सैनिक मारिएको दुई सैन्य स्रोतले बताएका छन् ।

गत जुलाईमा यमनको गृहयुद्ध पुनः चर्किएपछि हुथी र साउदी समर्थित सरकारी सेनाबीच लडाइँ बढेको हो । हुथीहरूले लाल सागरको तट र बाब अल-मन्दब जलघाँटीमा आफ्नो नियन्त्रण विस्तार गरेको दाबी गरेका छन् । उनीहरूले साउदीको तेल पूर्वाधारलाई समेत लक्षित गरेपछि अन्तर्राष्ट्रिय बजारमा तेलको मूल्य प्रतिब्यारेल १०० अमेरिकी डलरभन्दा माथि पुगेको छ ।

क्षेत्रीय तनावबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग वार्ताका लागि अमेरिका तयार रहेको बताउनुभएको छ । तर इरानी सुरक्षा अधिकारी मोहसेन रेजाईले इरानी सर्त पूरा नभएसम्म वार्ता नहुने स्पष्ट पार्नुभएको छ । हर्मुज जलघाँटीबारे खाडी राष्ट्र र इरानबीच हुने भनिएको बैठकसमेत स्थगित भएको छ ।

यसैबीच, साउदी युवराज मोहम्मद बिन सलमानले अमेरिकी सेन्ट्रल कमान्डका प्रमुख एडमिरल ब्राड कुपरसँग क्षेत्रीय अवस्थाबारे छलफल गरेका छन् । यमनमा पछिल्लो लडाइँका कारण ९३ हजार ८६४ जना मानिस घर छाड्न बाध्य भएको संयुक्त राष्ट्रसंघको आप्रवासनसम्बन्धी निकायले जनाएको छ । *रासस/एएफपी*

# जलवायु निगरानीका लागि दुई उपग्रह प्रक्षेपण



**कौरौ–** जलवायु परिवर्तनका कारण बढिरहेका चरम मौसमी घटनाको प्रभाव र पृथ्वीको वातावरणीय अवस्था निगरानी गर्न युरोपेली अन्तरिक्ष एजेन्सी (इएसए)ले दुई पृथ्वी अवलोकन उपग्रह सफलतापूर्वक कक्षामा पठाएको छ ।

फ्रान्सेली गुयानास्थित कौरौ अन्तरिक्ष केन्द्रबाट सोमबार राति 'वेगा-सी' रकेटमार्फत 'फ्लेक्स' र 'सेन्टिनेल-३ सी' उपग्रह प्रक्षेपण गरिएको हो । प्रक्षेपणको करिब दुई घण्टापछि दुवै उपग्रहलाई सूर्यसँग समकालिक कक्षामा स्थापित गरिएको एएफपीले जनाएको छ ।

'फ्लेक्स' उपग्रहले उष्ण लहरलगायत जलवायु परिवर्तनका कारण वनस्पतिमा पर्ने असरबारे तथ्यांक संकलन गर्ने छ । यसले प्रकाश संश्लेषणका क्रममा वनस्पतिले उत्सर्जन गर्ने रातो प्रकाशको सूक्ष्म चमकको निगरानी गरी वनस्पतिमा देखिने तनाव र वातावरणीय परिवर्तनबीचको सम्बन्ध अध्ययन गर्ने छ ।

युरोपेली संघ (इयू) को कोपर्निकस पृथ्वी अवलोकन कार्यक्रमअन्तर्गतको 'सेन्टिनेल-३ सी' ले समुद्रको तापक्रम, छालको उचाइ र समुद्री धाराका साथै जमिनको प्रयोग तथा भू-आवरणसम्बन्धी तथ्यांक संकलन गर्ने छ । प्राप्त तथ्यांकले समुद्री वातावरणमा भइरहेका परिवर्तन बुझ्न र कृषि उत्पादन अनुकूल बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

इएसएको पृथ्वी अवलोकन कार्यक्रमकी निर्देशक सिमोनेटा चेलीले जलवायु परिवर्तनको चुनौती सामना गर्न यस्ता अन्तरिक्ष अभियान आवश्यक रहेको बताए । उनका अनुसार उपग्रहबाट प्राप्त तथ्यांकले पृथ्वीमा भइरहेका वातावरणीय परिवर्तनको निरन्तर निगरानीमा महत्त्वपूर्ण सहयोग पुर्‍याउने छ । *रासस/एएफपी*


## बहराइनमा रोजगार

कम्पनी : JANNATY BAHRAIN FOOD INDUSTRIES CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347882 | चलानी नं. ६०२६१०४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | (FACTORY/GENERAL) WORKER | 10 | 10 | 100 | ४०,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sherpa International Manpower Consultancy Pvt. Ltd.**
Govt. License 430/060/061
Koteshwor-32 Kathmandu, Nepal, Tel: +977-1-5147319, 9812861346, Email : infosherpa1@gmail.com

## साउदीमा रोजगार

कम्पनी : DOSOR ALARABIA CO. LTD.

पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347887 | चलानी नं. ६०२६१०६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 92 | 0 | 1000 | ४०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९८१/०६७/०६८
**MAHAD MANPOWER PVT. LTD.** (SPLENDID JOB SOLUTION PVT. LTD.)
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457,
Shankar ghatani -9845312486, Ozina Sangat -9828860764, Denisha Dahal -9813511839
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## साउदीमा रोजगार

कम्पनी : AL-FURAT MODERN LOGISTICS COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 347465 | चलानी नं. ६०२६१०५८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor Loading And Unloading | 5 | 0 | 1000 | ४०,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DOTI OVERSEAS PVT. LTD.**
Govt. License 1294/074/075
Airport Tilganga -09, Shambhumarga, Kathmandu Tel : 01-5912764, 5912763, Itahari Branch Office no: 025-590547
Mob: 9851062705/9860584683/9841555361, 9862742223, E-mail : doti.overseas1294@gmail.com, website: www.dotioverseas.com.np

## युएइमा रोजगार

कम्पनी : V K N GENERAL SECURITY GUARD SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०५/१५ | LT. No. 347869 | चलानी नं. ६०२६१०९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER/HELPER | 15 | 0 | 1200 | ४९,९१४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner (Female) | 0 | 15 | 1200 | ४९,९१४ | | | | | | | |
| 3 | male security guards | 20 | 0 | 1800 | ७४,८७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ र ८ गते (23rd and 24th Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ९८१/०६७/०६८
**MAHAD MANPOWER PVT. LTD.** (SPLENDID JOB SOLUTION PVT. LTD.)
Tinkune, Kathmandu, Nepal Tel No: +9'77-1-4112456/ 411 2457,
Shankar ghatani -9845312486, Ozina Sangat -9828860764, Denisha Dahal -9813511839
Email Id: info@mahadmanpower.com.np, Web: mahadmanpower.com.np, Job Portal: mahadjobs.com

## युएइमा रोजगार

कम्पनी : TECHTIDE BEST TECHNICAL SERVICES CO

पूर्व स्वीकृति मिति : २०८३/०५/२९ | LT. No. 347762 | चलानी नं. ६०२६१०१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assist. Electrician | 1 | 0 | 1300 | ५४,०७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Assistant Tile Layer | 2 | 0 | 1300 | ५४,०७३ | | | | | | | |
| 3. | Assit. Plumber | 1 | 0 | 1300 | ५४,०७३ | | | | | | | |
| 4. | Carpenter | 1 | 0 | 1500 | ६२,३९२ | | | | | | | |
| 5. | Construction Carpenter | 2 | 0 | 1500 | ६२,३९२ | | | | | | | |
| 6. | Labourer/bulding Workers | 8 | 0 | 1000 | ४१,५९५ | | | | | | | |

कम्पनी : AL FURSAN RECRUITMENT LLC

पूर्व स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 347927 | चलानी नं. ६०२६१०९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assit. Plumber | 14 | 0 | 1200 | ४९,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 12 | 0 | 1500 | ६२,३९२ | | | | | | | |
| 3 | General Steel Fixer | 12 | 0 | 1500 | ६२,३९२ | | | | | | | |
| 4 | Stone Mason | 12 | 0 | 1500 | ६२,३९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धी व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १९४८/०८२/०८३
**Venus Recruitment Services Pvt Ltd**
Sinamangal-9, Kathmandu, Nepal
Phone No. +977-1-5927521, E-mail : vrs.nepal@gmail.com, info@venusrecruitment.com.np

## युएइमा रोजगार

कम्पनी : ICON INFRATECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०३/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 343850 | चलानी नं. ६०२५७१००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Steel Fixer (Helper) | 2 | 0 | 1500 | ६२,३९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolder | 2 | 0 | 1500 | ६२,३९० | | | | | | | |
| 3 | Electricians (Bldg/Indust.) | 2 | 0 | 1500 | ६२,३९० | | | | | | | |

कम्पनी : ENHANCE ON DEMAND LABORS SUPPLY L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०४/१५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 328278 | चलानी नं. ६०२४२१००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehousemen | 155 | 0 | 1000 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ONTIME MANPOWER SUPPLY

पूर्व स्वीकृति मिति : २०८२/०४/३० | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/३० | LT. No. 329455 | चलानी नं. ६०२४३२१२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 45 | 0 | 1000 | ४१,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज ७ गते (23rd Sep. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SHAN A.B. INTERNATIONAL PVT. LTD.**
Maharajgunj (Near Bhatbhateni), Kathmandu, Nepal
Tel- +977 1 4378054/ +977 1 4378890, Contact Person : 9706659209 (Narayan Bhattarai)
श्रम ईजाजत नं. ९१५/०६७/६८

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ३००१०० | प्रति तोला – ० | प्रति तोला – ४६०० |



**तरकारी खेत** | बाजुराको सदरमुकाम मार्तडीस्थित बडीमालिका नगरपालिका–८ गडखेतका किसान लालबहादुर ऐडीले टनेलमा बेमौसमी विभिन्न किसिमका सागसब्जी उत्पादन गर्दै । उनले हाल १२ रोपनी क्षेत्रफलमा सागसब्जी उत्पादन गरेर वार्षिक करिब रु १५ लाखको सागसब्जी बिक्री गरिरहेका छन् । उनले सुरु गरेपछि हाल प्रायः गाउँका सबै व्यावसायिक खेतीमा आकर्षित भएका छन् । *तस्बिरः रासस*

# जोसजोमबाट उठ्यो जलवायु न्यायको मुद्दा



*तस्बिरः रासस*

- जलवायु परिवर्तनको असर गम्भीर बन्दै गएको
- देशका ४३१ पालिका जलवायु न्यायको पक्षमा
- जलवायु वित्तलाई अनुदान नभई हानि–नोक्सानीबापतको क्षतिपूर्तिका रूपमा उपलब्ध गराउन माग
- हिमाली संकट र जलवायु न्यायका लागि 'घरपझोङ घोषणापत्र, २०८३' जारी गरिँदै ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** जलवायु परिवर्तनको असर हिमाली क्षेत्रमा झन् गम्भीर बन्दै गएको भन्दै स्थानीय तहहरूले विश्व समुदायको ध्यानाकर्षण गराएका छन् । नेपालको कार्बन उत्सर्जन नगण्य भए पनि जलवायु परिवर्तनको सबैभन्दा ठूलो मार नेपालका हिमाली क्षेत्रले खेपिरहेको उनीहरूको भनाइ छ ।

मुस्ताङको जोमसोममा मंगलबारदेखि सुरु भएको दुईदिने राष्ट्रियस्तरको घरपझोङ जलवायु परिवर्तन सम्मेलनमा सहभागी जनप्रतिनिधि तथा विज्ञहरूले हिमाली क्षेत्रको संकटलाई अन्तर्राष्ट्रिय मुद्दाका रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

घरपझोङ गाउँपालिकाको आयोजनामा भएको सम्मेलनमा देशभरका ४३१ पालिका र ४१ जिल्ला समन्वय समितिका प्रमुख तथा अध्यक्ष, जनप्रतिनिधि र जलवायु क्षेत्रका विज्ञ सहभागी छन् ।

सम्मेलनको उद्घाटन गर्दै कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि स्थानीय तहदेखि अन्तर्राष्ट्रिय तहसम्म समन्वय आवश्यक रहेको बताइन् । उनले जलवायु नीति निर्माण र कार्यान्वयनमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् ।

'जलवायु नीति र कार्यक्रमका हरेक चरणमा महिलाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्छ । महिला नेतृत्वमा सञ्चालित अनुकूलनका कार्यलाई पनि प्रोत्साहन गर्नुपर्छ,' मन्त्री चौधरीले भनिन् ।

हिमाली क्षेत्रमा हिमताल विस्फोटको जोखिम बढ्दै गएको भन्दै उनले पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने बताइन् । त्यसका लागि संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय थप बलियो बनाउनुपर्ने उनको भनाइ छ । 'हिमताल विस्फोटको जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणाली र तीनै तहका सरकारबीच सुदृढ समन्वय आवश्यक छ,' उनले भनिन् ।

आयोजक घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले हिमाली क्षेत्रको संकटविरुद्ध स्थानीय तहबाट साझा आवाज उठाउन सम्मेलन आयोजना गरिएको बताए । उनले भने, 'जलवायु परिवर्तनबाट हिमाली क्षेत्रले गम्भीर संकट भोगिरहेको छ । यसको असर कुनै एउटा स्थानीय तहकोमात्र समस्या होइन । त्यसैले स्थानीय तहहरूबाट एकीकृत आवाज उठाउन सम्मेलन आयोजना गरेका हौं ।'

सहभागीहरूले विकसित राष्ट्रले उपलब्ध गराउने जलवायु वित्तलाई सहायता वा अनुदानका रूपमामात्र बुझ्न नहुने बताएका छन् । उनीहरूले जलवायु परिवर्तनका कारण नेपालले व्यहोरेको हानि तथा नोक्सानीको क्षतिपूर्तिका रूपमा जलवायु वित्त प्राप्त हुनुपर्ने बताएका छन् ।

सम्मेलनमा हिमनदी पग्लिने दर, हिमताल फुट्ने जोखिम, बेमौसमी हिमपहिरो, सुक्खा पहिरो, खानेपानी तथा सिँचाइ संकटलगायत विषयमा छलफल भएको जानकारी दिइएको छ । जलवायु परिवर्तनले कृषि, पशुपालन र पर्यटनमा पारेको असरबारे पनि विज्ञहरूले प्रस्तुति दिएका छन् ।

मन्त्री चौधरीले नेपालले अन्तर्राष्ट्रिय मञ्चमा सहायता माग्नेमात्र नभई जलवायु न्यायको पक्षमा दृढ आवाज उठाउने बताइन् ।

सम्मेलनको अन्तिम दिन आज 'जलवायु परिवर्तनसम्बन्धी घरपझोङ घोषणापत्र, २०८३' जारी गरिने छ । कालीगण्डकी नदीको तट र निलगिरि हिमालको काखबाट जारी हुने घोषणापत्रमार्फत हिमाली क्षेत्रको जलवायु संकट र जलवायु न्यायका विषयमा स्थानीय तहहरूको साझा प्रतिबद्धता सार्वजनिक गरिने आयोजकले जनाएको छ ।

# रसुवा बाढीमा ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता

■ प्रभाव संवाददाता

**काठमाडौं–** रसुवाको भोटेकोशी बाढीमा ३४ देशका ६०७ विदेशी पर्यटक बेपत्ता भएका छन् । पर्यटन विभागका अनुसार विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका ६०७ विदेशी पर्यटक बेपत्ता भएका हुन् ।

बेपत्ता भएका विदेशी पर्यटकमध्ये २६९ पुरुष, ३२९ महिला र नौ लिंग नखुलेका नागरिक छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी भारतीय रहेको विभागले जनाएको छ । विभागका अनुसार भारतका १८९ नागरिक बेपत्ता भएका छन् । भारत नेपालको विपतमा सबैभन्दा बढी भौतिक सहयोग गर्ने देश हो ।

> बेपत्ता भएका विदेशी पर्यटकमध्ये २६९ पुरुष, ३२९ महिला र नौ लिंग नखुलेका नागरिक छन् । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी भारतीय रहेको विभागले जनाएको छ । विभागका अनुसार भारतका १८९ नागरिक बेपत्ता भएका छन् ।

बाढीमा अष्ट्रेलियाका ३३, बेलारुसका दुई, क्यानडाका ३०, फिनल्याण्डका एक, फ्रान्स चार, जर्मनी आठ, हंगेरी एक, आइरिस दुई, इजरायल एक, लिथ्वानियाका एक, मलेसियाका ५५, नेदरल्याण्डका दुईजना बेपत्ता भएका छन् ।

यस्तै, न्यूजिल्याण्डका पाँच, पोर्चुगलका दुई, रसियाका ६, सिंगापुरका नौ, साउथ अफ्रिकाका ६, स्पेनका दुई, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, जापानका पाँच, फिलिपिन्सका एक, काजकिस्तानका तीन, बेल्जियमका दुई, स्वीडेनका एकजना बेपत्ता छन् । लाटभियाका ३३, स्वीजरल्याण्डका एक, इटालीका दुई, चीनका ३७, भियतनाम एक, इस्टोनियाका दुई र कोरियाका नौ पर्यटक हराएका छन् ।

बाढीमा परेर नेपालका १८८ पर्यटक पनि बेपत्ता भएका हुन् । विभागका अनुसार बेपत्ता हुनेमा १६१ पुरुष र २७ महिला छन् । बेपत्ता हुनेमा विदेशी पर्यटकको सहयोगीका रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेको विभागका सूचना अधिकारी सुरज घिमिरेले जानकारी दिए ।

# मेलाबाट उठेको रकम पर्यटनमा लगानी

**म्याग्दी –** म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ मा रहेको मणिबराही युवा क्लबले मेला सञ्चालन गरेर बचत भएको रु २० लाखभन्दा बढी रकम पर्यटन विकासमा परिचालन गरेको छ ।

विसं २०८१ र २०८२ मा क्लबले दसैं पर्वको अवसरमा आयोजना गरेको मेलाबाट भएको आम्दानी पर्यटन पूर्वाधार निर्माणमा लगानी गरेको हो । क्लबका सचिव विकास पुनले पछिल्लो दुई वर्षमा क्लबमार्फत दोवाको पर्यटन, भौतिक पूर्वाधार, सामाजिक कामका लागि रु २० लाख सात हजार ७१० खर्च भएको जानकारी दिए ।

'दोवादेखि धौलागिरि आइसफल जोड्ने पदमार्गको पूर्वाधार निर्माण र प्रवर्द्धनका लागि क्लबले दुई वर्षमा सबैभन्दा बढी रु सात लाख ५८ हजार २५० खर्च गरेका छौं', उनले भने, 'क्लबसँग हाल रु पाँच लाख ४९ हजार ९३७ बचत रहेको छ ।'

२०८१ मा रु १५ लाख १९ हजार आम्दानी भएकोमा रु १२ लाख २२ हजार २५० र २०८२ मा रु १० लाख ३८ हजार ६४७ आम्दानी भएकोमा रु सात लाख ८५ हजार ४६० खर्च भएको छ । पर्यटकीयस्थल सुर्केमेलामा रु तीन लाख ८१ हजार खर्चेर खानेपानीको व्यवस्था मिलाएको क्लबले दोवाको प्रवेशद्वार भीरकाटेस्थित सडक पुलमा रु एक लाख तीन हजार खर्चेर सूचनामूलक बोर्ड राखेको सचिव पुनले बताए ।

रु दुई लाख ७४ हजार खर्चेर दोवाका विभिन्न पर्यटकीयस्थलमा राख्नका लागि ४१ वटा सूचना बोर्ड तयार पारिएको छ । दोवा पोखरा समाजको भवन निर्माण तथा जग्गा खरिदका लागि रु सात लाख सहयोग गरेको क्लबले रु चार लाख १९ हजार खर्चेर आफ्नै भवन मर्मत गरेको अध्यक्ष ठबहादुर गर्बुजाले बताए । यस वर्ष क्लबको नाममा जग्गा खरिदको अन्तिम चरणमा रहेको छ ।

दोवादेखि पातलखर्क, गरेकखर्क, देउरालीडाडा, ठूलोखानी, धैरासिर, गुराँसिनीखोला, भिराउटो, सुर्केमेला र हल्टुडे क्षेत्रमा पदमार्ग निर्माणका लागि गत आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित योजनामा क्लबले योगदान गरेको छ । अन्नपूर्ण गाउँपालिकाले रु १० लाख बजेट विनियोजन गरेको यस योजनाका लागि क्लबले रु चार लाख २५ हजार ७६५ सहयोग गरेको र रु एक लाख २४ हजार बराबरको श्रमदान भएको सचिव पुनले बताए ।

'दोवामा पर्यटक भित्र्याउने र बसाइ लम्बाइ ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढाउने तथा रोजगारी सिर्जना गर्ने उद्देश्यले पर्यटकीय पूर्वाधार निर्माणमा जुटेका हौं', उनले भने, 'सोवाङ धुरी र धौलागिरि आइसफललाई दोवासँग जोड्ने उद्देश्यले थालिएको पदमार्ग निर्माण कार्यलाई निरन्तता दिन आवश्यक छ ।' *रासस*

# नेप्सेमा उछाल

## परिसूचक ४८ दशमलव ५७ अंकले बढ्यो

■ प्रभाव संवाददाता




**काठमाडौं –** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अंकले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४८ दशमलव ५७ अंकले बढेर दुई हजार ६३३ दशमलव ६२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव १९ अंकले बढेर ४६७ दशमलव ४५ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक तीन दशमलव ५६ अंकले बढेर १८१ दशमलव १३ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक तीन दशमलव १३ अंकले बढेर १५७ दशमलव ९१ मा पुगेको छ । विभिन्न कम्पनीका दुई करोड तीन लाख ८७ हजार ४१३ कित्ता सेयर रु आठ अर्ब २९ करोड १७ हजार ११५ मूल्यमा खरिद बिक्री भएको छ ।

सबै उपसमूहमा सकारात्मक देखिएका छन् । कूल २६५ कम्पनीको सेयर बढ्यो भने १२ कम्पनीको सेयर घट्यो । त्यसैगरी एक कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार धौलागिरी लघुवित्त वित्तीय संस्था, सिन्धु विकास बैंक र मल्टिप्रपोज फाइनान्स कम्पनीलगायतका लगानीकर्ताले कमाएका छन् भने एभरेष्ट बैंक, केबिएल डिबेञ्चर बोटर्लस नेपाल बालाजुलगायत लगानीकर्ताले गुमाएका छन् ।

# २६ निर्माण कम्पनीलाई सोधियो स्पष्टीकरण

**चितवन (प्रस)–** भरतपुर महानगरपालिकाले सम्झौताअनुसार निर्माण कार्य सम्पन्न नगरेको भन्दै यहाँका २६ जना निर्माण व्यवसायीलाई स्पष्टीकरण सोधेको छ । महानगरपालिकाले मंगलबार सार्वजनिक सूचना जारी गर्दै चित्त बुझ्दो जवाफ नदिए कारबाही प्रक्रिया अगाडि बढाइने बताएको छ । भरतपुर महानगरपालिकाका डिभिजनल इन्जिनियर सन्तोष आचार्यले निर्धारित समयभित्र निर्माण कार्य सम्पन्न गर्न ठोस प्रयास नगरेका तथा पटकपटक लिखित र मौखिक रूपमा आग्रह गर्दासमेत बेवास्ता गरेका निर्माण कम्पनीलाई सातदिने स्पष्टीकरण सोधिएको बताए । तोकिएको अवधिभित्र स्पष्टीकरण पेस नगरेमा, निर्माण कार्यलाई निरन्तर तीव्रता नदिएमा वा मनासिव कारण पेस हुन नआएमा सम्झौताबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने आचार्यको भनाइ छ ।

आचार्यका अनुसार लामो समयसम्म निर्माण कार्य सम्पन्न गर्नेतर्फ पहल तथा चासो नदेखाउँदा सम्बन्धित योजना सम्पन्न हुन नसकेको तथा कतिपय योजना अलपत्र अवस्थामा रहेका छन् । सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा ठेक्का सम्झौताको शर्तबमोजिम कारबाही प्रक्रिया अगाडि बढाउन लागिएको उनले जानकारी दिए । महानगरपालिकाले ठेक्का सम्झौता तोड्ने, कार्यसम्पादन जमानत जफत गर्ने, कालोसूचीमा राख्न सिफारिस गर्ने, हर्जाना असुल गर्ने तथा बाँकी निर्माण कार्यको मूल्यांकन गरी ठेक्का सम्झौताबमोजिम सरकारी बाँकीसरह असुलउपर गर्नेलगायत कारबाही गर्न सक्नेछ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ